# अध्याय एक

# शोधको परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'ताहुँ स्रोतकेन्द्र अन्तर्गतका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको नेपाली विषयको पठनबोध क्षमताको अध्ययन' रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम. एड) दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजन परिपूर्तिका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

भाषा विचार विनिमयको महत्वपूर्ण माध्यम हो । भाषा सीपमूलक विषय हो सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषा आधारभूत सीप हुन् । ती मध्ये सुनाइ र पढाइ आदानात्मक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक सीप हुन् । पठन बोध अन्तर्गत पढाइ सीपसँग सम्बन्धित कुराहरु रहन्छन् ।

जुनसुकै कक्षामा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुमा समान रुपमा पठनबोध क्षमताको विकास प्रयास असम्भव हुन्छ । विद्यार्थीको पठनबोधसँग सम्बन्धित कक्षाका लागि तयार गरिएका पाठ्यक्रम पाठ्यक्रम पाठ्यपुस्तक शिक्षण सामग्री, शिक्षण विधि आदि जतिसुकै राम्रो भए तापनि त्यसबाट आशातीत उपलब्धी हासिल हुन सक्दैन । अतः कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको  पठनबोध क्षमताको अध्ययन शोधको आकर्षक समस्याको रुपमा देखा पर्नु स्वभाविकै हो । यस सन्दर्भमा पठनबोध क्षमताको प्रमुख समस्यालाई निम्नामुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

क. कक्षा नौ को नेपाली विषयमा आधारित पठनबोध क्षमता के कस्तो छ ?

ख. लैङ्गिकता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति, उमेर समूह, अभिभावकको पेशा र जातीयताको आधारमा उक्त कक्षाका विद्यार्थीहरुको पठनबोध क्षमता के कस्तो छ ?

ग. विद्यार्थीहरुको पठनबोध क्षमता सम्बन्धी समस्या के–कस्ता छन् ?

घ. विद्यार्थीहरुको पठनबोध क्षमता अभिवृद्धि कसरी गर्न सकिन्छ ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य कक्षा नौ को नेपाली विषयमा आधारित पठनबोध क्षमताको अध्ययन गर्नु रहेको छ । यसै मूल उद्देश्यका साथ समस्या कथनसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरु रहेका छन् :

क. कक्षा नौ को नेपाली विषयमा आधारित पठनबोध क्षमता पहिल्याउनु,

ख. कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको लैङ्गिकता, भाषिक पृष्टभूमि, विद्यालयको प्रकृति, उमेर समूह, अभिभावकको पेशा र जातीयताको आधारमा पठनबोध क्षमताको पहिचान गर्नु,

ग. विद्यार्थीहरुको पठनबोधसँग सम्बन्धित समस्याहरु निरुपण गर्ने,

घ. पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु,

## १.५ शोधको औचित्य

विद्यार्थीहरुमा पठनबोध क्षमता सम्बन्धी कमजोरी रहेको खण्डमा उनीहरुको अभिव्यक्ति क्षमतामा पनि त्यसको असर पर्ने हुन्छ । पठनबोध क्षमतामा हुने कमीकमजोरीले केवल भाषिक सीप विकासमा मात्र नभएर अन्य विषयको ज्ञानार्जनमा पनि प्रभाव पारेको हुन्छ । विद्यार्थीहरुमा पठनबोध क्षमता सम्बन्धी आवश्यक विकास नभएको खण्डमा सम्बन्धित तहका लागि निर्माण गरिएको पाठ्यक्रमका उद्देश्यहरु पनि पूरा हुन सक्दैनन् । पठनबोध क्षमताको अध्ययनले सम्बन्धित कक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री आदिका स्थिति के–कस्ता सुधारको आवश्यक छ, पाठ्यक्रको निर्धारण गरेका उद्देश्यहरुको जानकारी प्राप्त हुन सक्दछ ।

पठनबोध क्षमताको अध्ययनबाट भाषा पाठ्यक्रमविद्हरुलाई उक्त पाठ्यक्रम सुधार एवं परिमार्जन गर्नुमा पाठ्यपुस्तक लेखकलाई उद्देश्यपूलक एवं प्रभावकारी विषयवस्तु चयन गर्नमा शिक्षकलाई विद्यार्थीका स्तरसापेक्ष स्तरीय रुपबाट शिक्षण विधि एवं प्रक्रियालाई अगाडि बढाउनमा र विद्यार्थीहरुको बोधक्षमतालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी व्यवस्थित एवं उद्देश्यपूर्ण बनाउनमा सहयोग पुग्ने हुँदा यस किसिमको अध्ययन महत्वपूर्ण भएको छ ।

## १.६ अध्ययनको सिमाङ्कन

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवशे तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाई हुने हुँदा अध्ययनको व्यापक एवं गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाभित्र नबाँधिएमा अनुसन्धान अस्पष्ट हुने र निश्चित निष्कर्षमा पुग्न असम्भव हुने भएकोले प्रस्तुत अध्ययनको सीमाङ्कन निम्नानुसार गरिएको छ :–

क. प्रस्तुत शोधकार्य कक्षा नौका विद्यार्थीहरुको नेपाली विषयको पठनबोध क्षमताको अध्ययनमा,

ख. प्रस्तुत शोधकार्य ताँहु स्रोतकेन्द्र अन्तर्गतका माध्यमिक विद्यालय कक्षा नौ का ४ वटा विद्यालयमा अध्ययनस्तर १५–१५ जना गरी जम्मा ६० जना विद्यार्थीहरुको अध्ययनमा,

ग. तथ्याङ्क संकलनका क्रममा समग्र जनसंख्या नलिई नमूना छनौटको रुपमा,

घ. नमूना छनौटका विद्यालयहरुका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता परीक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषणमा,

ङ. लैङ्गिक भाषिक पृष्ठभूमि विद्यालयको प्रकृति, उमेर समूह, अभिभावकको पेशा र जातीयताको आधारमा उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययनमा ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित अगाडि नै आइसकेका अनुसन्धानहरुको सिंहावलोकन गर्नु आवश्यक हुन्छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाइ सही मार्गमा हिंडाउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा सम्बन्धित पूर्व अध्ययनहरुको विशेष महत्व रहन्छ । यसले गर्दा एउटै विषयसँग सम्बन्धित अनुसन्धानमा पटक–पटक दोहोरिने सम्भावना पनि रहँदैन ।

प्रस्तुत 'ताँहु स्रोतकेन्द्र भित्रका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको नेपाली विषयको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा सम्बन्धित रहेर अहिलसम्म अनुसन्धान नभएकोले यो शीर्षक आफैमा नौलो र नयाँ रहेको ठहर छ । पठनबोध बिना शैक्षिक उद्देश्यहरु पूरा हुन

सक्दैन, पठनबोध हुनको लागि स्तर सापेक्ष स्तरीय र क्रम मिलेका सामग्री हुनु नितान्त आवश्यक छ । पठनबोधलाई ख्याल गरेर पाठ्यक्रम, पाठ्यपुस्तक पाठ्यसामग्री, विधि आदिको निर्माण गर्नु पर्दछ । यो कार्य अत्यावश्यक हुँदाहुँदै पनि यससँग सम्बन्धित अध्ययनहरु निकै सीमित मात्रामा भएको पाइन्छ । यहाँ यससँग सम्बन्धित भएका अध्ययनलाई पूर्वकार्यको समिक्षाको रुपमा प्रस्तुत गरिएको छ ।

गुरुप्रसाद गौतम उपाध्याय (२०६०) द्वरा 'कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । उक्त शोधकार्य कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउन, भाषिक पृष्ठभूमि, लैङ्गिक क्षेत्रीयता र स्थानीयताका आधारमा उक्त कक्षाका विद्यार्थीहरुको पठनबोध क्षमताको पहिचान गर्नु पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव पेश गर्नु जस्ता प्रमुख उद्देश्यहरुमा केन्द्रित रहेको पाइन्छ । उक्त अध्ययनमा नेपाली मातृभाषी भन्दा दोस्रो भाषी तराईबासीभन्दा पहाडिया र सहरियाभन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्ष्मता कमजोर रहेको देखिन्छ । यसका साथसाथै उक्त अध्ययनमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

कृष्णप्रसाद ज्ञवाली (२०६३) द्वारा 'कक्षा १० अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिचान गर्नु, दृष्टांश र अदृष्टांश पाठ्य उद्धरणका बीच पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु जस्ता प्रमुख उद्देश्यहरुमा केन्द्रित रहेको पाइन्छ । यस अध्ययनमा मूलतः सर्वेक्षण विधिलाई आधार मानी यसैसँगै सम्बन्धित जनसंख्या छनौट, तथ्याङ्क संकलनका लागि सामग्री निर्माण, परीक्षणको कार्यान्वयन सङ्कलित तथ्याङ्कहरुको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरु उपयोग गरिएको छ । यस अनुसन्धानमा समग्र विद्यार्थीहरुको पठनबोध क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ६०.०८ प्रतिशत विद्यार्थीहरुको ६० प्रतिशतभन्दा बढी क्षमता देखाई विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको देखाइएको छ ।

यज्ञलाल सापकोटा (२०६५) द्वारा 'कक्षा ७ को हाम्रो नेपाली किताबमा आधारित पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य कक्षा सातको हाम्रो नेपाली बिताबमा आधारित पठनबोध क्षमता पहिल्याउनु विद्यार्थीहरुको

स्थानीयता, लैङ्गिकता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति, उमेर समूह, अभिभावक पेशा र जातीयताको आधारमा पठनबोध क्षमता पहिचान गर्नु, पठनबोधसँग सम्बन्धित समस्याहरु निरुपण गर्नु, पठनबोध क्षमताको विकासका लागि आवश्यक सुझाव दिनु जस्ता प्रमुख उद्देश्यहरुमा केन्द्रित रहेको पाइन्छ । यस अध्ययनमा विद्यार्थीहरुलाई नै आधारमानी नमूना सर्वेक्षण विधिका सहायताले अध्ययनलाई अगाडि बढाइएको छ । यस अनुसन्धानलाई वस्तुगत बनाउनेको लागि जनसंख्या पहिचान, प्रतिनिधि नमूना छनौट, सामग्री निर्माण, पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन तथ्याङ्कको संकलन गरिएको छ । विद्यार्थीहरुको पठनबोध क्षमतालाई प्रतिशताङ्क स्थिति गणना गर्दा ५० प्रतिशतभन्दा माथि ५१.६७ प्रतिशत विद्यार्थीहरुको पठनबोध क्षमता रहेकोले समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको देखाइएको छ ।

सीता खनाल (२०६८) द्वारा 'बुटवल नगरपालिका भित्रका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको नेपाली विषयको पठनबोध क्षमता अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि, लैङ्गिकता क्षेत्रीयता र स्थानीयताका आधारमा उक्त कक्षाका विद्यार्थीहरुको पठनबोध क्षमताको पहिचान गर्नु, पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव गर्नु जस्ता प्रमुख उद्देश्यहरुमा केन्द्रित रहेको पाइन्छ । यस अध्ययनमा विद्यार्थीहरुलाई नै आधार मानी नमुना सर्वेक्षण विधिका सहायताले अध्ययनलाई अगाडि बढाइएको छ । यस अनुसन्धानलाई वस्तुगत बनाउनको लागि जनसंख्या, परीक्षणको प्रतिनिधि नमूना छनौट सामग्री, पूर्वपरीक्ष्ण, परीक्षणको कार्यान्वयन, तथ्याङ्कको संकलन तथा विश्लेषण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरु उपयोग गरिएको छ । नमूना छनौटका समग्र विद्यार्थीहरुको पठनबोध क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५० प्रतिशत भन्दा माथि ५४.१७ प्रतिशत विद्यार्थीहरुको पठनबोध क्षमता देखिएकाले विद्यार्थीहरुको समग्र पठनबोध क्षमता सन्तोषजनक देखाइएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यका लागि लागि आवश्यक सामग्रीको सङ्कलन प्राथमिक स्रोतबाट गरिएको छ । विभिन्न प्रश्नावली निर्माण गरी विद्यार्थीहरुबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलन र विश्लेषणका क्रममा विद्यार्थीहरुलाई नै आधार मानी नमूना सर्वेक्षण विधिका सहायताले अध्ययनलाई अगाडि बढाइएको छ । यस अनुसन्धानलाई वस्तुगत बनाउनका लागि जनसंख्या पहिचान, प्रतिनिधि नमूना छनौट, सामग्री निर्माण, पूर्वपरीक्षणको कार्यान्वयन तथ्याङ्कको सङ्कलन तथा विश्लेषण जस्ता सर्वेक्षणात्मक, विश्लेषणात्मक र

तुलनात्मक विधि अवलम्बन गरिएको छ  र सैद्धान्तिक आधार निर्माण पुस्तकाललीय पद्धति अवलम्बन पद्धति अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोध अध्ययनलाई मुख्यतः निम्न लिखित अध्यय शीर्षकहरुमा विभाजन गरिएको छ :

अध्याय एक – शोध परिचय

अध्याय  दुई – अध्ययन विधि

अध्याय तीन – सैद्धान्तिक आधार

अध्याय चार – व्याख्या तथा विश्लेषण

अध्याय पाँच – तुलनात्मक विश्लेषण

अध्याय छ  – निष्कर्ष र सुझाव

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

# अध्याय दुई

# अध्ययन विधि

अनुसन्धान एक अनौपचारिक एवम् व्यवस्थित कार्य भएकाले यसलाई सफल बनाउको लागि केही निश्चित विधिहरु प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्य 'कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकसंग सम्बन्धित भएकाले विद्यार्थीहरुलाई नै आधार मानी नमूना सर्वेक्षण विधका सहायताले अध्ययनलाई अगाडि बढाइएको छ । यस अनुसन्धानलाई वस्तुगत बनाउनको लागि जनसङ्ख्या पहिचान, प्रतिनिधि नमूना छनोट, सामग्री निर्माण, पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्कको सङकलन तथा विश्लेषण जस्ता सर्वेक्षणात्मक विधिहरुको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारुप तयार पारिएको छ । अध्ययनका क्रममा प्रयोग गरिएका विधि एवम् प्रक्रियाको रुपरेखालाई यसरी देखाउन सकिन्छ ।

## २.१ जनसङ्ख्या

प्रस्तुत शोधकार्यलाई वस्तुगत बनाउनको लागि ताँहुस्रोत केन्द्र अन्तर्गतका सार्वजनिक ४ वटा विद्यालयका विद्यार्थीहरुलाई लिइएको छ ।

## २.२ प्रतिनिधि नमूना

प्रस्तुत शोधकार्य विश्वासनीय र भरपर्दो बनाउनका लागि ताँहु स्रोत केन्द्र अर्न्तगतका ४ वटा सार्वजनिक विद्यालयहरुलाई छनोट गरिएको छ । नमूना छनोटका क्रममा त्यसमा विद्यार्थीको पठनस्तर नहेरी स्थानीयता, लैङ्गिक, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति, उमेर समूह अभिभावकको पेशा र जातीयतालाई आधार मानिएको छ । सम्पूर्ण पक्षलाई समेट्ने गरी यस शोधका लागि जम्मा ४ वटा विद्यालयका ६० जना विद्यार्थीहरु प्रतिनिधि नमूना छनोट भएका छन् ।

## २.३ सामग्री निर्माण

प्रस्तुत अध्ययन पठनबोधसँग सम्बन्धित भएको हुँदा प्राथमिक स्रोत सामग्रीको साथ साथै आवश्यकता अनुसार द्वितीय स्रोत सामाग्री प्रयोग गरी उपयोगमा ल्याइएको छ । अध्ययनको प्रकृति अनुसार सामग्री निर्माणको लागि शोध निर्देशक तथा विषय विशेषज्ञहरुको

सल्लाह, सहयोग र सुझावमा 'कक्षा नौको हाम्रो नेपाली किताव'बाट सामग्री निर्माण गरिएको छ । सामग्री निर्माणका क्रममा 'साहित्यकार पारिजातको'जीवनीबाट सङ्क्षिप्त उत्तरात्मक र बहुवैकल्पिक प्रश्नहरु निर्माण गरिएको छ । त्यसै गरी 'मौरी पालन' निवन्धबाट सङ्क्षिप्त उत्तरात्मक र बहुवैकल्पिक प्रश्नहरु निर्माण गरिएको छ । त्यसै गरी शिशिर र वसन्तको कथा र स्वामी विवेकानन्दको जीवनीबाट क्लाज प्रश्नहरु निर्माण गरिएको छ ।

यसै क्रममा शोध निर्देशकको सल्लाह सूझाव र सहयोगका आधारमा प्रश्नावली तयार पारिएको छ । उक्त प्रश्नपत्र तयार पारिसकेपछि पनि शोध निर्देशक एवं विषय विशेज्ञताहरुको आवश्यक सुझाव र निर्देशनमा सम्पादन र संशोधन गरी सामग्री निर्माण गरिएको छ ।

## २.४ पूर्वपरीक्षण

पूर्वपरीक्षणका सन्दर्भमा शोध निर्देशकको सल्लाह र सुझाव अनुसार निर्माण गरिएका प्रश्नहरु श्री मातृभूमि उच्च माध्यमिक विद्यालयका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुमा १५ जना नमूना छनोट गरी परीक्षण गरिएको छ। पूर्व परीक्षणपश्चात शोध निर्देशकको सल्लाह बमोजिम विद्यार्थीहरुको प्राप्ताङ्कको विश्लेषण गरी आवश्यक सुधार र परिमार्जन पश्चात प्रश्नावलीलाई अन्तिम रुप दिइएको छ ।

## २.५ परीक्षणको कार्यान्वयन

परीक्षणीय सामग्रीलाई अन्तिम रुप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापकसँग सम्पर्क गरी परीक्षणका लागि विद्याथीहरुलाई उपलब्ध गराईदिनु हुन अनुरोध गरिएको छ । त्यसपछि विद्यार्थीहरुलाई शान्त, स्वच्छ, स्वतन्त्र, एवं भएरहित वातावरण सिर्जना गर्नका लागि परीक्षा संचालन पूर्व परीक्षणबाट प्राप्त अङ्कलाई गोप्य राखिने कुरामा विश्वस्त पारिएको छ । परीक्षणबाट प्राप्त अङ्कलाई बढीभन्दा बढी विश्वासनीय र वैध बनाउनका लागि परीक्षाको मर्यादा विपरीत विद्यार्थीबाट हुन सक्ने सम्भावित अनियमित क्रियाकलापहरु प्रति विशेष सजगता अपनाई परीक्षण पूर्व नै परीक्षा सञ्चालनको क्रममा उनीहरुको पालना गर्नुपर्ने नियमहरुको बारेमा अवगत गराइएको छ ।

परीक्षणको अवधिबाट कक्षाको वातावरणलाई खलवल पुर्‍याउने तत्त्वहरुलाई पूर्णतः नियन्त्रण गरिएको छ । परीक्षाको समयावधि जम्मा ९० मिनेट तोकिएको छ भने परीक्षार्थीलार्य सहज र सुलभ होस् भन्ने उद्देश्यले प्रश्नामै उत्तर दिन मिलने गरी व्यवस्था

मिलायएको छ । यसमा निर्धारित समयावधिभित्र परीक्षा संचालन गरी उत्तरपुस्तिका सङ्कलन गरिएको छ ।

## २.६ तथ्याङ्कको सङ्कलन तथा विश्लेषण

विभिन्न विद्यालयहरुबाट परीक्षण गरिएका उत्तरपुस्तिका सङ्कलन गरिसकेपछि प्रश्नहरुको उत्तरपुस्तिका तयार पारिएको छ । परीक्षणका क्रममा सङ्क्षिप्त प्रश्नहरुको एक सही उत्तरका लागि ४ ङ्का दरले १० प्रश्नहरुको ४० अङ्क, बहुवैकल्पिक प्रश्नहरुको एक सही उत्तरका लागि २ का दरले १० प्रश्नहरुको २० अङ्क र क्लोज परीक्षण प्रकृतिका दुवै गद्यांशमा भर्नुपर्ने २० शब्दहरु मध्ये १ सही शब्द भरेवापत २ अङ्कका दरले ४० अङ्क गरी जम्मा १०० पूर्णाङ्कमा उत्तर पुस्तिकाको जाँच गरिएको छ। विद्यार्थीले परीक्षाबाट प्राप्त गरेका प्राप्ताङ्कलाई यस शोध कार्यको तथ्याङ्कको मूल स्रोत बनाइएको छ ।

विद्यार्थीको प्राप्ताङ्कलाई लैङ्गिक, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति अभिभावकको पेशा, उमेर समूह र जातीयताका आधारमा छुट्टाछुट्टै रुपमा तालिकीकरणको माध्यमबाट वर्गीकरण गरिएको छ ।

विभाजित समूहरुको सर्वप्रथम प्रतिशत गणना गरिएको छ । मध्यमान, मानक विचलन र “जेड” परीक्षणका आधारमा पठनवोधको क्षमतालाई व्याख्या, विश्लेषण र तुलना गरिएको छ । यिनै विभिन्न व्याख्या, विश्लेषण र तुलनाले देखाएको समानताका आधारमा निष्कर्ष र सुझाव निकालिएको छ । प्रस्तुत अध्ययनका क्रममा प्रयोगमा ल्याइएका साङ्खिकीय सूत्रहरु यस प्रकार रहेका छन्ः

क. प्रतिशताङ्क गणना गर्न प्रयोग गरिएको सुत्रः $P = \frac{R}{T} \times 100$

यहाँ P= प्रतिशत

R= तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T= समूहगत जम्मा सङ्ख्या

ख. मध्यमान गणना गर्न प्रयोगमा ल्याइएको सूत्रः $\bar{X} = \frac{\Sigma x}{N}$

यहाँ $\bar{X}$ = मध्यमान

$\sum x$ = X को कुल योग

X= ले तथ्याङ्कहरुलाई जनाउँछ ।

ग. मानक विचलन गणना गर्न प्रयोग गरिएको सुत्र

$$\sigma = \sqrt{\frac{\Sigma x^2 - \left[\frac{(\Sigma x)^2}{N}\right]}{N}}$$

घ. 'Z' मान गणना गर्न प्रयोगमा ल्याइएको सुत्र

$$Z\ Observed = \frac{\bar{X}_1 - \bar{X}_2}{\sqrt{\frac{\sigma^2_1}{n_1} + \frac{\sigma^2_2}{n_2}}}$$

Z= Z मान

$\bar{X}_1$ = पहिलो समूहको मध्यमान

$\bar{X}_2$ = दोस्रो समूहको मध्यमान

$\sigma_1$ = पहिलो समूहको मानक विचलन

$\sigma_2$ = दोस्रो समूहको मानक विचलन

$n_1$= पहिलो समूहको सङ्ख्या

$n_2$= दोस्रो समूहको सङ्ख्या

**अध्याय निचोड**

यो शोधकार्य गर्नका लागि नमूना सर्वेक्षण विधिलाई प्रमुख विधि र यसलाई सहज बनाउन जनसंख्या पहिचान, प्रतिनिधि नमूना, सामग्री निर्माण, पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन र तथ्याङ्क सङ्कलन तथा विश्लेषणलाई समावेश गरिएको छ । नमूना छनोटका क्रममा विद्यार्थीको पठन स्तर नहेरी स्थानीयता, लिङ्गगत, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति उमेर समूह, अभिभावकको पेशा र जातीयतालाई आधार मानिएको छ ।

# अध्याय तीन

# सैद्धान्तिक परिचय

## ३.१ बोधको परिचय

'बोध' भाषाको आदानात्मक सीप हो । 'बोध' शब्द बुझ्‌ धातुमा 'ञ' प्रत्यय लागेर बनेको हो । यसको अर्थ 'बुझ्नु' हुन्छ । कुनै पनि मानिसले सर्वप्रथम बोध गर्नुपर्दछ । यदि सम्बन्धित विषयवस्तुको उसमा बोध छैन भने प्रदानात्मक क्षमता पनि हुँदैंन । कुनै कुरा व्यक्ति गर्नुभन्दा पहिले सो कुरा बुझ्नु पर्ने भएकोले बोधलाई अभिव्यक्तिको पूर्वशर्तका रुपमा लिनुपर्ने हुन्छ किन भने व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास शुरु हुनुभन्दा पहिले बोध क्षमताको विकास हुन थालिसकेको हुन्छ तसर्थ बोध बुझ्ने, सोच्ने र स्मरण गर्ने कार्य हो ।यसले भाषिक क्षमताको अभिवृद्धिका निम्ति गरिने अभ्यासमा जोड दिन्छ । जसलाई  निम्न लिखित परिभाषामा समेट्ने प्रयास गरिएको छ ।

बोध भन्नाले सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता ज्ञान, अनुभव, समझ, सोच, सम्झना, अनुभूति आदिलाई बोधका रुपमा अर्थ्याउन सकिन्छ (प्रनेश:२०६१:७३७) ।

बोध भन्नाले सुनेर वा पढेर बुझ्ने क्षमता वा सीप, जान्ने वा बुझ्ने काम, समझ जानकारी बुझिन्छ, (नेबृश:२०६०:९२९) ।


बोधको मुख्य तात्पर्य वक्ताले लेख्य वा कथ्य रुपमा प्रकट गरेका अभिव्यक्ति ग्रहण गर्नसँग सम्बद्ध छ । त्यसैले यसलाई ग्रहण शक्ति वा क्षमता पनि भनिन्छ (पराजुली,२०४९:११) भाषिक सन्दर्भमा बोधको अर्थ सामान्वयतः सुनेका वा पढेका सामग्रीहरुको अर्थ बुझाई भए पनि व्यापक रुपमा कुनै मौखिक, लिखित, दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो । वक्ताले प्रकट गरेका आफ्ना मौखिक वा लिखित विचारलाई श्रोताले सुनेर वा पढेर बोध गर्ने हुँदा सुनेर बोध गर्नुलाई श्रुतिबोध र पढेर बोध गर्नुलाई पठनबोध भनिन्छ, (शर्मा र पौडेलः २०६०,१०७) ।

बोध एउटा मानसिक प्रक्रिया हो । बोधले भाषिक सामग्री (मौखिकःध्वन्यात्मक र लिखितः लिपिवद्ध) मा अभिव्यक्त कुराको बौद्धामा सम्प्रेषण हुनुलाई जनाउँछ । यस्तो सम्प्रेषण मौखिक अभिव्यक्तिमा ध्वन्यात्मक माध्यमबाट र लिखित अभिव्यक्तिमा चाहिँ लेख्य माध्यमबाट बौद्धाले प्राप्त गर्दछ (अधिकारी २०६३:१४२)

बोधलाई अङ्ग्रेजीमा 'कम्प्रिहेन्सन' भनिन्छ । यसको अर्थ दिमागी कार्य, समझ शक्ति, भाषिक क्षमताको विकास वा परीक्षणका निम्ति गरिने अभ्यास हुन्छ । क्याम्ब्रिज अन्तराष्ट्रिय शब्दकोशले कुनै पनि अवस्था तथ्यको सचेत तथा पूर्ण रुपले बुझ्ने क्षमता तथा एउटा अभ्यास जसले प्रश्नहरु सोचेर अथवा पढ्न दिएर विद्यार्थीको बुझाईलाई जाँच्ने प्रक्रिया भनी अर्थ्याएको पाइन्छ । मा.वि.तहको अनिवार्य नेपाली शिक्षण निर्देशिकामा उल्लेख भए अनुसार बोध गर्ने प्रक्रियामा बोधकर्ताले अभिव्यक्तिको मनन गर्दै प्रस्तुत अभिव्यक्ति व्यक्त भएका विचार वा धारणासँग सम्बन्ध राख्छ र स्वीकार्यताका आधारमा छनोटद्वारा बोधतत्व खोजी त्यसलाई पक्रने कार्य गर्दछ ।

माथि उल्लेख गरिएका विभिन्न विद्वानहरुको परिभाषा एवम् अर्थका आधारमा हामीहरु बोध शब्दलाई मौखिक, लिखित, दृश्य वा अमूर्त सन्देशको सुनेर, पढेर कुनै कुरा बुझ्ने क्षमता, ज्ञान, अनुभव, समझ, सोच, सम्झना अनुभुति आदिको जानकारीका रुपमा लिइएको पाइन्छ । यस शोध कार्य पठनबोधसँग सम्बन्धित भएकोले लिपिवद्ध भाषिक सामग्रीलाई आँखा र दिमागको सहायताले अध्ययन गरी त्यस लिपिवद्ध सामग्रीको मूलमर्म ग्रहण गर्न सक्ने क्षमतालाई नै बोध मानिएको छ ।

## ३.२ बोधका प्रकार




### ३.२.१ श्रुतिबोध

मौखिक सामग्रीलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियालाई श्रुतिबोध भनिन्छ । श्रुतिबोध श्रावणकला विकासको महत्त्वपूर्ण आधार हो । सुनाईमा कुनै पनि प्रकारको बोध हुन सकेन भने त्यसको कुनै अर्थ तथा महत्त्व हुदैंन । श्रुतिबोध सही तरिकाले हुन सकेन भने काम गराइएमा समेत असर पर्न जान्छ । श्रुतिबोधले सुनाईमा मात्र नभएर बोलाई,पढाई र लेखाईमा पनि असर गर्दछ । श्रुतिबोधका निम्ति निम्न दुई कुराले पृष्ठभूमिको काम गर्दछन् ।

प्रयुक्त शब्दहरुको सुच्यशक्ति वा सूचना सिद्धान्तः जुनसुकै भाषामा वक्ताले भनेका सन्देशहरु प्रवाहित भएका हुन्छन् । भाषाका ध्वनीहरु वर्ण, शब्द,लय, सुर, बल, विराम आदिका सहायताले सन्देश दिन्छन् । विकल्पका सम्भावना कम भएका र अर्थ सीमित भएका

भाषिक एकाईहरु अल्पसूच्यशक्ति भएका र विकल्पका सम्भावना प्रशस्त भएका विस्तारित अर्थ भएका एवं प्रशस्त मात्रामा आवृत्ति हुने भाषिक एकाईहरु उच्च सूच्यशक्ति भएका मानिन्छन् । (शर्मा र पौडेलः२०६०:१०१)

श्रुतिवोध मौखिक भाषाको बोध भएकाले यस कार्यमा आवश्यकता अनुरुप वक्ताको हाउभाउ,अङ्ग सञ्चालन, चेष्टा, लय आघात जस्ता भाषि केत्तर तत्त्वलाई मूल भाषिक अभिव्यक्तिसँग मुछेर बुझ्ने कोसिस गर्नुपर्छ । श्रुतिबोध विनाको अभिव्यक्तिमा अर्थको अनर्थ लाग्ने विचारलाई प्रभावकारी ढंगले व्यक्त गर्न नसकिने, एउटै कुरा पटक पटक दोहोरिन जाने हुँदा अभिव्यक्ति दिनुभन्दा पहिले वक्ताले भनेका कुराहरुलाई राम्रोसँग सुनेर बुझ्ने कोसिस गर्नुपर्दछ । श्रुतिबोधमा देखा पर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाई र बोलाई अझ भनौं भने काम गराईमा समेत गलत असर पर्न जाने हुन्छ । यसको राम्रो विकासले बोलाई र सोचाईमा मात्र नभएर पढाई र लेखाई जस्ता अन्य सीपहरुमा पाइने कतिपय कमजोरी हटाउन र ती सीपहरुको विकासमा आवश्यक हुने भाषिक क्षमतागत पृष्ठभूमि तयार पार्न निकै सघाउ पुग्दछ ।


प्रारम्भिक कक्षाहरुमा ज्ञानार्जनको माध्यम श्रुतिबोध हो भने माथिल्ला कक्षाहरुमा पठनबोधको माध्यमबाट पनि ज्ञानआर्जन गर्न सकिने हुँदा यस प्रतिको निर्भरता घट्दै जान्छ तर पनि श्रुतिबोधको महत्व र आवश्यकता भने कुनै न कुनै रुपमा रहिरहन्छ । श्रुतिबोध क्षमता निकै कमजोर भएका विद्यार्थीहरुका लागि ज्ञानार्जनको मूल ढोका नै वन्द हुन सक्छ । श्रुतिबोध क्षमतामा कमजोरी भएको खण्डमा त्यसको असर भाषाका अन्य सीपमा समेत पर्ने भएकाले श्रुतिबोधलाई भाषाशिक्षणको आधारशिला नै मानिन्छ ।

विद्यार्थीहरुमा श्रुतिबोध क्षमताको विकासका लागि उनीहरुको रुचि क्षमता एवं स्तरका आधारमा विभिन्न किसिमका कथा, कथांश, चुटकिला रोचक प्रसंगहरु तथा अन्य अंशहरुको सङ्कलन गरी उपयोग गर्न सकिन्छ । श्रुतिबोध भाषाशिक्षणको आधारशिला भएकाले ज्ञानविज्ञानको आधारभूत माध्यम पनि हो । शिक्षार्थीको वैयक्तिक र सामाजिक विकासको दृष्टिकोणले पनि यो निकै महत्त्वपूर्ण पक्ष हो । यस सम्बन्धी कमजोरीले शिक्षार्थीको बोलाई, पढाई वा भाषा विकासको समग्र कार्यक्रममा समेत नराम्रो असर पर्न सक्ने हुन्छ । अतः श्रुतिबोधलाई भाषा विकास एवम् ज्ञान विकासको अपरिहार्य अङ्गका रुपमा स्थान दिनुपर्छ ।

### ३.२.२ पठनबोध

ज्ञान विज्ञान तथा सूचनाका कुराहरुलाई चिन्हका सहायताले लिपिवद्ध गरेको सामग्रीलाई पढेर बुझ्नु नै पठनबोध हो । आँखा र मस्तिष्कको संलग्नताले पाठकको पूर्वानुभावित संज्ञान र दृश्य सङ्केतलाई द्रुततापूर्वक सङ्गठित गरेर बुझ्ने सीप वा क्षमतालाई नै पठनबोध भनिन्छ । आँखा दृश्यात्मक प्रतिक (अक्षर), शब्द, पदावली, वाक्य आदि) र अर्थानुसन्धान यी तीन किसिमको संलग्नता रहने हुनाले पठनबोधलाई एक जटिल एवम् चुनौती मानसिक कार्य हो भन्न सकिन्छ । पठनका क्रममा अक्षर शब्द पदावली र वाक्यहरुको पहिचान, आफ्ना अनुभवको आधारमा तिनको सङ्गठन र आफ्नो बोध क्षमताको आधारमा तिनको अर्थ लगाउने कार्यले पठनबोध उत्कृष्टता तर्फ अगाडि बढ्दछ भने त्यसभन्दा विपरित स्थितिमा यसको क्षमतामा ह्रास आउँछ । पठन कलामा दृश्यात्मक अभिव्यक्तिलाई पाठकले वैचारिक विम्वमा परिणत गरी अर्थ पहिल्याउने कामगर्दछ । उसले उक्त दृश्यात्मक अभिव्यक्तिलाई आफ्ना अनुभव र विचारसंग मिसाएर निष्कर्ष निकाल्ने वा अर्थ ग्रहण र विचारसंग मिसाएर निष्कर्ष निकाल्ने वा अर्थग्रहण गर्ने हुँदा त्यसक्रममा अभिव्यक्ति विचारप्रति मौन रुपमा उसमा हुने अन्तरक्रियालाई विचार गर्दा उसलाई सक्रिय मानसिक प्रक्रिया समेत मान्नुपर्ने देखिन्छ ।


वक्ताले प्रकट गरेका आफ्ना लिखित विचारलाई बोद्धाले पढेर बोध गर्नुलाई पठनबोध भनिन्छ । पठनबोधमा पाठकले सामान्यतः लिखित वा मुद्रित सामग्रीमा लेखकले अभिव्यक्तगरेका अर्थ वा विभिन्न तत्त्वहरुलाई आफ्नो मस्तिष्कमा धारणा गर्दछ । शर्मा र पौडेल २०६०:१०७) । लिपिवद्ध सामग्रीलाई पाठकले पठनबोध गर्नका लागि यसका केही तत्त्वहरु समावेश भएका हुन्छन् । यिनै तत्त्वहरुका सहायताले कुनै पनि मानिसले पठनबोध गर्न सक्दछ यसलाई निम्नलिखित रेखाचित्रबाट स्पष्ट गर्न सकिन्छ ।




सामान्यतः विभिन्न भाषाबाट लिपिवद्ध भएका सामग्रीलाई ग्रहण गर्नसँग पठनबोध सम्बन्धित छ । पठनबोध तथा सामग्रीको अर्थ आँखा र मस्तिष्कको सन्तुलन र असन्तुलनसँग सम्बन्धित

हुन्छ । यी दुई बीच सन्तुलन भएमा पठनबोध हुने र यदि सन्तुलन नभएमा पठनबोध नहुने कुरा माथिको रेखाचित्रबाट स्पष्ट हूनछ ।

बोध विनाको पढाईको प्रयोजन शुन्य हुन्छ । बोधको भाषिक व्यवस्थाअनुसार शब्दहरुको अर्थ निर्धारण गर्ने र उक्त अर्थलाई त्यसको भाषाको व्यापक ढाँचालाई सम्वद्ध गराई लेखकका मनमा भएका सम्बन्धित विचारहरुको श्रृङ्खलामा उन्ने प्रक्रिया पठनबोधमा संलग्न रहन्छन् । यसलाई रेखाचित्रले झनै स्पष्ट पार्दछ ।




विद्यार्थीको भाषा विकासमा क्रममा पठनबोधले एक महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विभिन्न ज्ञान विज्ञान तथा सूचनाहरु ग्रहण गर्ने एक महत्त्वपूर्ण र विश्वासनीय उपायका रुपमा पठनबोधलाई लिन सकिन्छ । विद्यार्थीहरुमा जति बढी बोध क्षमताको विकास हुन्छ । त्यसकै अनुपातमा अन्य भाषिक सीपहरु पनि विकसित भएका हुन्छन् । यसरी पठनबोधले सिकारुको संज्ञान र भाषिक दुवै पक्षको विकासमा भूमिका खेले जस्तै पठनबोधको विकासमा पनि हरेक सिकारुले आर्जन गरेको पूर्वज्ञान तथा संज्ञान र भाषिक दुवै पृष्ठभूमिले मद्दत गरेको हुन्छ । पठनबोधको विकास लागि विद्यालयको चौघेरा भित्र मात्र नभएर बाहिर पनि विभिन्न प्रकारका वाचनालय र पुस्तकालयहरु निर्माण गर्न सकिन्छ । हरेक उमेरका सिकारुको मनोभाव बुझेर अनुसारका सामग्रीहरु निर्माण गर्नु सान्दर्भिक मानिन्छ ।

पठनबोध क्षमताको विकासका लागि सस्वरपठन भन्दा मौन पठन बढी उपयोगी हुन्छ । प्रारम्भिक तहमा पठनबोध अभ्यासका लागि सस्वरपठनका माध्यमले अगाडि बढ्नु परे पनि विद्यार्थीहरु लेख्य भाषासँग सामान्यतः परिचित भइसकेपछि उनीहरुलाई विस्तारै मौनपठन तर्फ अग्रसर गराउँदै लैजानु उपयुक्त हुन्छ (शर्मा र पौडेल, २०६०:१०८)

## ३.३ पठनबोधको महत्व

ज्ञान विज्ञान तथा सूचनाका कुराहरुलाई चिह्नका सहायताले लिपिबद्ध गरेको सामग्रीलाई पढेर बुझ्नु नै पठनबोध हो । बोधविनाको पढाइ अर्थहीन हुन्छ । अहिले परिवर्तित समयमा विश्वमा दिनप्रतिदिन विभिन्न प्रकारका ज्ञानको विस्फोट भइरहेको छ । यी विभिन्न

कुराहरुलाई बोध गर्नु गर्नु नितान्त आवश्यक हुन्छ । यसको बोध हुन सकेन भने साहिय, कला, संस्कृति, राजनीति अर्थनीति तथा ज्ञान–विज्ञान तथा प्रविधिको सूचनाबाट बञ्चित हुनुपर्छ ।

श्रुतिबोध पनि पठनबोधको महत्वपूर्ण माध्यम भएतापनि जतिको विश्वासनीय र महत्वपूर्ण स्थान त्यसले ओगट्न सक्दैन । पठनबोध क्षमताको विकास नहुन्जेल दृश्यबोध र श्रुतिबोध महत्वपूर्ण भए पनि सिकारुमा उच्च स्तरीय बौद्धिक विकासका लागि पठनबोध नै उपयुक्त माध्यम मानिन्छ । पठनबोधलाई ज्ञानार्जनको महत्वपूर्ण उपाय मात्र नभएर विभिन्न प्रकारका साहित्यिक मनोरञ्जन लिने महत्वपूर्ण पक्ष पनि मान्न सकिन्छ । यसको क्षमता भएका विद्यार्थीहरुले आफ्नो फुर्सदको समयलाई पढेर सदुपयोग गर्न सक्दछन् । विद्यार्थीहरुमा वैयक्तिक, संस्थागत र सार्वजनिक जीवन सम्बन्ध बौद्धिक एवम् व्यवहारिक उपयोगका लागि विभिन्न फाँटका अभिव्यक्ति क्षमताको सही ढङ्गले बोध र उपयोग गर्ने क्षमताको विकास गर्छ (शर्मा र पौडेल, २०६०: १०८) । विद्यार्थीहरुमा पठनबोधले शब्द भण्डारको वृद्धिका साथै व्याकरणगत क्षमताको पनि विकास गर्दछ । विभिन्न प्रकारका सामग्रीको अध्ययनले शैली विविधताको पहिचान गरी प्रभावकारी कथ्य विकास गर्न पनि मद्दत पुऱ्याउँछ, पठनबोधको विकासले नयाँ नयाँ ज्ञानको आर्जन तथा पूर्वज्ञानको पखिकार गरी उचित दृष्टिकोण र सिर्जनात्मक क्षमताको विकासका साथै सर्वाङ्गीण विकास गर्न समेत महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## ३.४ पठनबोधका चरण/तहहरु

पठनबोध पढाइको प्रारम्भिक चरणमा भन्दा पछिल्ला चरणहरुमा बढी हुन्छ । सिकाइका सुरुका अवस्थामा विद्यार्थीहरुले सस्वरपठनद्वारा बोध क्षमताको विकास तर्फ लाग्दछन् भने पछिल्ला तथा उत्तरवर्ती चरणमा मौन पठनद्वारा उनीहरुले आफूलाई आवश्यक पर्ने ज्ञान लिने गर्दछन् । बो गर्ने क्रममा सर्वप्रथम सिकाइले अक्षरहरु पहिचान गर्दछ । अक्षरको सहायताले उसले शब्दहरुको बोध र शब्दको बोधबाट क्रमशः पदावली, वाक्य, अनुच्छेद संकथनतिरको बोध गर्दछ । सुरुमा सिकारुले पढाइको एकाइ अक्षर बनाउँछ भने त्यसमा अभ्यस्त भैसकेपछि आफ्नो पठनबोध क्षमताको आधारमा क्रमशः माथिल्ला एकाइहरुलाई पढाइको एकाइ बनाउँछ । पठनबोधमा अभ्यस्त भैसकेपछि पहिलेका चरणमा गरिने गति र यतिमा पनि कम हुन गई पठनबोध विकास द्रुत गतिमा अगाडि बढ्दछ । पठनबोधलाई चार तहमा वर्गीकरण गर्न सकिन्छ ।

- अभिधात्मक तह
- व्याख्यात्मक तह
- समीक्षात्मक तह
- सृजनात्मक तह

### ३.४.१ अभिधात्मक तह

प्रारम्भिक बोध अभिधात्मक बोध हो, यसमा बोद्वाले प्रस्तुत सन्दर्भमा अभिव्यक्त, वाक्य र विचारको शाब्दिक अर्थशास्त्र खोज्दछ (शर्मा र पौडेल २०६०, १०८) । सिकारु जब भाषा सिक्न प्रत्यनरत रहन्छ । त्यस समयमा उसले कुनै पनि शब्दको सोझो अर्थ तथा शब्दकोशीय अर्थको मात्र बोध गर्दछ ।

### ३.४.२ व्याख्यात्मक तह

व्याख्यात्मक बोध अभिधात्मक बोधभन्दा केही माथिल्लो बोध हो । यसमा लेखकले सीधा नभनेको तर त्यसमा अर्न्तनिहित विचारहरुको अनुमान गर्न सकिने हुन्छ । यस्तो बोधको लागि सामग्रीहरु केही लाक्षणिक खालका हुन्छन् ।

### ३.४.३ समीक्षात्मक तह

समीक्षात्मक बोधमा पठित सामग्रीको सत्यता तथा उपयुक्ततालाई केलाएर हेर्ने वा समीक्षा गर्ने गरिन्छ (शर्मा र पौडेल २०६०, १०८) । यो चरणमा सिकारु तथा बोद्धामा पठित सामग्री बोध गरी त्यसका सवल र दुर्वल पक्षहरु केलाउन सक्ने क्षमताको विकास भएको हुन्छ ।

### ३.४.४ सृजनात्मक तह

सृजनात्मक बोधमा पठित सामग्रीको बोध बोध बोद्धले गरेपछि त्यसमा भएको अन्तर्निहित आफ्नो जीवनमा आवश्यकता पर्दा विविध सन्दर्भमा प्रयोग गर्न सक्ने हुन्छ ।

पठनबोधका उपर्युक्त तहहरु प्रारम्भिक तहदेखि क्रमशः जटिलतातिर तथा आरोहात्मक किसिमका देखिन्छन् । तल्ला कक्षाहरुमा सुरुका दुई तहहरु प्रभावकारी देखिन्छन्  भने ज्ञानको भण्डार बढ्दै गएपछि बोध क्षमतामा पनि वृद्धि हुने भएकाले पछिल्ला कक्षाहरुमा समीक्षात्मक र सृजनात्मक बोधसम्बन्धी अभ्यास गराउनु बान्धनीय हुन्छ ।

## ३.५ मा.वि. तहमा अनिवार्य नेपाली विषयको पाठ्यक्रम निर्दिष्ट पठनबोध सम्बन्धी उद्देश्यको विश्लेषण

पाठ्यक्रम एक यस्तो शैक्षिक योजना हो जसले सम्पूर्ण शैक्षिक कार्यक्रमलाई प्रभावकारी एवम् सुव्यवस्थित ढङ्गबाट अगाडि बढाउने क्रममा यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

मा.वि. तहका विभिन्न विषयका पाठ्यक्रमहरुमध्ये अनिवार्य नेपाली विषयको पाठ्यक्रम (२०५५) ले नेपाली भाषा शिक्षणको महत्वलाई उजागर गरेको पाइन्छ । यसले भाषा शिक्षणको मूल मर्मका रुपमा वैबयिक ज्ञानलाई नभएर भाषिक सीपको विकासलाई स्वीकारेको छ । यस  पाठ्यक्रमले मा.वि. तहका कक्षा ९ र १० का लागि कक्षागत रुपमा छुट्टाछुट्टै उद्देश्यहरु निर्धारण नगरी तहगत उद्देश्यहरुको उल्लेख गरेको छ । यस तहको नेपाली पाठ्यक्रमले बोधसँग सम्बन्धित ११ र अभिव्यक्तिसँग सम्बन्धित  १३ वटा गरी जम्मा २४ वटा उद्देश्यहरु निर्धारण गरेका पाइन्छ । बोध अन्तर्गत पनि प्रतिबोध क्षमताको विकासका लागि ५ र पठनबोध क्षमताको विकासका लागि ६ वटा उद्देश्यहरु रहेका छन् ।

यस शोधको अध्ययनीय विषय पठनबोधसँग सम्बन्धित भएकाले यहाँ उक्त पाठ्यक्रम ( २०५५) ले निर्धारण गरेका पढाइ सीपसँग सम्बन्धित साधारण उद्देश्यहरुलाई मात्र उल्लेख गर्नु बढी सान्दर्भिक देखिने हुँदा उक्त उद्देश्यहरुलाई निम्नलिख्खित रुपमा प्रस्तुत गरिएको छ ।

१. नेपाली भाषाका लिखित सामग्रीलाई शुद्ध र स्पष्टसँग सस्वर र मौनवाचन गर्न
२. मौखिक तथा लिखित रुपमा अभिव्यक्त भएका विषवस्तुको सारांश लेख्न,
३. नेपाली भाषामा लेखिएका विषयवस्तुको खास–खास हँदा टिप्न र व्याख्या गर्न
४. उद्देश्य अनुसारका विभिन्न पठन कौशलहरुको विकास गर्न,
५. साहित्यिक रचनाहरु पढ्ने अभिरुचि बढाउन,
६. नेपाली भाषाका शब्दभण्डार बढाउन ।

यस पाठ्यक्रम (२०५५) ले भाषिक सीपगत रुपमा सुनाइ र बोलाइलाई–८ पढाइलाई –१० र लेखाइ सीपसँग सम्बन्धित –१० गरी जम्मा –२८ वटा उद्देश्यहरु निर्धारण गरेको पाइन्छ । शोधको विषय ‘कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठनबोधसम्बन्धी अध्ययन’ भएकाले

पाठ्यक्रमका उद्देश्यहरु सीपगत रुपमा अन्तर्सम्बन्धित हुँदा–हुँदै पनि यहाँ पढाइ सीपसँग सम्बद्ध उद्देश्यहरुको उल्लेख गर्नु बढी बान्छनीय देखिन्छ ।

१. विभिन्न पाठहरु पढी तिनका मुख्य –मुख्य कुराहरु बुझ्ने गरी पढ्न,

२. लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,

३. लिखित सामग्रीको मौनवाचन गरी पढाइको गति विकास गर्न,

४. पाठमा व्यक्त गरिएका विषयवस्तुहरु अर्थ लगाउने गरी पढ्न,

५. साहित्यिक विधाका पाठहरु आनन्द लिन सक्ने गरी पढ्न,

६. विभिन्न विषयको जानकारीका लागि निबन्ध, कथा, कविता आदि आफूले विश्लेषण गर्न सक्ने गरी पढ्न,

७. विशिष्ट अंशहरुको व्याख्या, भाव विस्तार एवम् विवेचना गर्न सक्ने गरी पढ्न,

८. पठित शब्दहरुको उपयुक्त किसिमले प्रयोग गर्न,

९. विभिन्न विषयहरु पढी शब्दभण्डारको वृद्धि गर्न,

१०. उद्देश्य अनुसारका पठनकौशलको विकास गर्न ।

भाषा शिक्षणको प्रमुख उद्देश्य भनेको भाषाका आधारभूत भाषि सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु नै हो । भाषिक सीपको विकासबिना वैबयिक ज्ञानार्जनको पक्ष पनि कमजोर हुने हुँदा विद्यार्थीहरुका लागि उक्त सीपहरुको विकास गर्नु अत्यावश्यक देखिन्छ । यसमा पनि अभिव्यक्तिको पूर्वसर्तका रुपमा बोध पक्ष रहने हुँदा सर्वप्रथम उनीहरुमा बोध क्षमताको विकास गर्न त झनै महत्वपूर्ण हुन्छ ।

मा.वि. तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रम (२०५५) मा 'बोध' अन्तर्गत सुनाइ र पढाइसँग सम्बन्धित जम्मा ११ वटा (क्रमशः ५ र ६) साधारण उद्देश्यहरु निर्धारण गरिएको देखिन्छ । प्रारम्भिक कक्षाहरुमा ज्ञानार्जनको प्रमुख माध्यम श्रुतिबोध भएकाले तल्ला कक्षाहरुमा अन्य सीपहरुको तुलनामा सुनाइ सीपको विकासमा पाठ्यक्रमले बढी जोड दिनुपर्ने हुन्छ भने मा.वि. तहसम्म पुग्दा विद्यार्थीहरुमा सुनाइ सीपको प्रशस्त विकास भइसक्ने भएकाले सुनाइ सीपको तुलनामा पढाइ सीपको विकासतर्फ पाठ्यक्रमले बढी महत्व दिनुपर्ने देखिन्छ । उपर्युक्त कुराकै आधारमा यस पाठ्यक्रमले सुनाइ सीपतर्फ ५ र पढाइ सीप विकासका लागि

६ वटा साधारण उद्देश्यहरु निर्धारण गर्न खोजेको देखिन्छ तर यस तहमा सुनाइ सीपका तुलनामा पढाइ सीपको विकास अत्यधिक जोड दिनुपर्ने हुँदा पढाइका लागि छुट्याइएका ६ वटा उद्देश्यहरु अपर्याप्त देखिन्छन्, बरु बोधसँग सम्बन्धित जम्मा ११ वटा उद्देश्यहरुमध्ये सुनाइ सीपका लागि ४ र पढाइ सीपका लागि ७ वटा उद्देश्यहरु निर्धारण गरिएको खण्डमा बढी उपयुक्त हुने देखिन्छ ।

यसैगरी यस पाठ्यक्रममा सीपगत आधारमा सुनाइ र बोलाइका लागि ८ र पढाइ र लेखाइसँग सम्बन्धित क्रमशः १०–ज्ञ० वटा गरी जम्मा २८ वटा उद्देश्यहरु निर्धारण गरिएको छ । मा.वि. तहमा सुनाइ र बोलाइलाई भन्दा पढाइ र लेखाइ सीपको विकास गर्नुपर्ने कुरालाई पाठ्यक्रमले जोड दिएको स्पष्टै हुन्छ । यस तहका विद्यार्थीमा कमजोर हुने हुँदा पढाइ र लेखाइ सीपको विकासका लागि पाठ्यक्रमले निर्धारित गरेका उद्देश्यहरुको औचित्य झल्किन्छ । फेरि बोधअन्तर्गत पनि श्रुतिबोधलाई भन्दा पठनबोध क्षमताको विकास गर्नुपर्छ भन्ने मान्यताका आधारमा भाषिक सीपगत रुपमा पढाइ सीपका लागि छुट्याइएका १० उद्देश्यहरु तहगत आधारमा देर्हा सान्दर्भिक नै देखिन्छन् ।

पाठ्यक्रमद्वारा निर्धारण गरिएका उपर्युक्त साधारण तथा सस्पगत उद्देश्यहरुलाई जे–जसरी उल्लेख गरिएता पनि भाषाका आधारभूत सीपहरु एक अर्कामा अन्तर्सम्बन्धित हुने हुँदा भाषिक सीपको पनि पृथकीकृत सीपको विकासमा भन्दा एकीकृत सीपको विकासमा जोड दिनुपर्ने हुन्छ जुन कुरा यस पाठ्यक्रमले अनुसरण गरेको पाइन्छ ।

## ३.६ पठनबोधमा प्रभाव पार्ने तत्वहरु

पठनबोध भाषिक सीपअन्र्तगत पर्ने एक महत्वपूर्ण पक्ष हो । कुनै खास तह र कक्षाका सम्पूर्ण विद्यार्थीमा समान गतिमा पठनबोध क्षमताको विकास भएको हुँदैन र पाउन पनि सकिँदैन । यसो हुनुका पछाडि विभिन्न कारणहरु रहेका छन् । तिनलाई यहाँ पठनबोधका प्रभावक तत्वका रुपमा चर्चा गरिएको छ ।

### ३.६.१ सामग्रीको छनोट

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने एक प्रमुख तत्वका रुपमा पाठ्यसामग्रीको छनोटलाई लिन सकिन्छ । यस किसिमको क्षमता जाँच्नका लागि सामग्री निर्माण गर्दा सामग्रीहरु सिकारुको उमेर, रुचि, मानसिक क्षमता एवम् संवेगात्मक रुपले मिल्ने खालको हुनुपर्छ भन्ने अवधारणा आएको छ । सामान्यतः सामग्री छनोटमा पद्यभन्दा गद्य, भावुकभन्दा

बौद्धिक एवम् संज्ञानात्मक तथा काल्पनिक भन्दा तथ्यपरक प्रकृतिका सामग्रीहरु पठनबोध क्षमताका लागि सामग्री निर्माण गरेका पाइन्छ तर यस अध्ययन कक्षा नौको नेपाली किताबसँग सम्बन्धित भएकाले सम्पूर्ण विधाहरुलाई समावेश गरी सामग्री निर्माण गरेको पाइन्छ तर यस अध्ययन कक्षा नौको नेपाली बिताबसँग सम्बनिधत भएकाले सम्पूर्ण विदाहरुलाई समावेश गरी सामग्री निर्माण गरेमा मात्र सत्यता र विशवसनीयताको नजिक पुग्न सकिने देखिएको छ । यसरी अध्ययनको क्रममा समय र परिस्थिति अनुसार सामग्री निर्माण गर्नु उचित देखिन्छ । सिकारुहरुको विविध पक्षलाई ध्यान पुऱ्याएर सामग्री छनोट गर्नुपर्ने भएकोले पठनबोधका लागि सामग्र छनोट पनि एक महत्वपूर्ण प्रभावकका रुपमा लिन सकिन्छ ।

### ३.६.२ शिक्षार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था

कुनैपनि विषयवस्तु पढेर त्यसभित्रका सार कुरा ग्रहण गर्नका लागि जति बढी मात्रामा शारीरिक एवम् मानसिक रुपबाट स्वस्थ रहेको विद्यार्थीले सक्दछ त्यति अन्धा, बहिरा, अपाङ्ग एवम् मानसिक सन्तुलन गुमाएका विद्यार्थीबाट सम्भव हुँदैन । शारीरिक दुर्वलताको कारणले कतिपय अवस्थामा विद्यार्थीहरुलाई आफ्नै जीवनदेखि नै वितृष्णा आउन सक्छ जसको कारणले गर्दा एक त उसलाई पढाइप्रति मन जाँदैन र पढिहाले पनि पढेका कुरा सम्झन सक्दैन । त्यसै गरी संवेगात्मक विचलन जस्तै डर, त्रास, भय, चिन्ता, आवेग, रिस क्रोध आदि तत्वहरुले शिक्षार्थीको मानसपटलमा जरो गाडेको खण्डमा पनि उसले पढेका कुराहरु सम्झन नसक्ने हुन्छ । यसका विपरीत जुन विद्यार्थी शारीरिक, मानसिक एवम् संवेगात्मक रुपबाट सु–स्वास्थ्य एवम् सन्तुलित छ भने उसमा पढेका कुराको सारतत्व ग्रहण गर्ने क्षमताका प्रभावकका रुपमा लिन सकिन्छ ।

### ३.६.३ वातावरण

पठनबोध क्षमताको विकासमा सबैभन्दा प्रभावशाली तत्व वातावरण हो । शिक्षार्थीहरु शान्त, खुल्ला एवम् स्वच्छ वातावरणमा रहेर पढेका कुरा जति बढी मात्रामा स्मरण गर्न सक्छन् त्यति मात्रामा कोलाहलयुक्त तनावपूर्ण एवम् सङ्कुचित वातवरणमा पक्कै पनि सम्भव हुँदैन । पठनबोध क्षमता विकासको महत्वपूर्ण उपाय वा तरिका मौनपठन भएकाले पनि शान्त वातावरणको आवश्यकतामाथि दुईमत हुनै सक्दैन । बोधविहिन पढाइ अर्थहिन हुने, अनुकूल वातावरणविना पठनबोध असम्भव हुने र पठनबोधविना राष्ट्रको शैक्षिक लगानीको औचित्य समाप्त हुने भएकोले पनि स्वच्छ एवम् शान्त वातावरणको अपरिहार्यलाई नजरअन्दाज गर्न मिल्दैन । कक्षाकोठामा पठित सामग्रीको पठनले मात्र शिक्षार्थीको पठनबोध क्षमताको उचित

विकास हुन नसक्ने भएकाले सम्बन्धित शैक्षिक संस्थाद्वारा उचित पुस्ताकालयको व्यवस्था लगायत उपयुक्त वातावरणको व्यवस्था मिलाउनु पर्दछ । अतः अनुकुल वातावरण नै पढाइप्रति उत्सुकता जगाउने एक प्रभावशाली प्रेरक तत्व भएकाले पठनबोधको विकासमा वातावरणको भूमिका महत्वपूर्ण रहने कुरा स्पष्ट छ ।

# अध्याय–चार

# व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनबाट कक्षा ९ मा अध्ययनरत विद्यालयहरुको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूर्तिका लागि अध्याय दुईमा वर्णन गरिएको अध्ययन विधिका आधारमा पाल्पा जिल्लाको ताँहु स्रोतकेन्द्र अन्तर्गतका सार्वजनिक विद्यालयहरु जम्मा ६० जना विद्यार्थीहरु आवश्यक तथ्याङ्क सङ्कलन गरी साङ्खिकीय विश्लेषण गर्ने दृष्टिकोण अपनाइएको  छ ।

प्रस्तुत अध्ययनको व्याख्या एवम् विश्लेषणलाई बढी वैज्ञानिक एवम् वस्तुगत रुप प्रदान गर्न प्रतिशत गणना, मध्यमान, मानक विचलनको प्रयोग गरिएको छ । यसका साथै अध्ययनका क्रममा उपयोगमा ल्याइएका विभिन्न चलहरुका बीच तुलनात्मक विश्लेषण गर्नका लागि 'z' परीक्षण लगायतका साङ्खिकीय विधिहरुको समेत उपयोग गरिएको छ । प्रस्तुत शोधकार्यमा तथ्याङ्क विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरुको विस्तृत विवरणका साथै चलहरुको विश्लेषणका लागि अपनाएका विभिन्न विधि तथा प्रविधिहरुको विस्तृत विवरणका साथै चलहरुको विश्लेषित स्वरुप निम्नानुसार उल्लेख गरिएको छ ।

## ४.१ नमुना विद्यार्थीहरुको पठनबोध क्षमताको स्थिति

### ४.१.१ प्रतिशतका आधारमा नमुना विद्यार्थीहरुको पठनबोध क्षमताको स्थिथि

| कुल संख्या | २५ प्रतिशतभन्दा कम | | ५० प्रतिशतभन्दा कम | | ७५ प्रतिशतभन्दा कम | | ७५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५ | ८.३३ | २५ | ४१.६७ | २५ | ४१.६७ | ५ | ८.३३ |

तालिका नं. १

उपर्युक्त तालिका अनुसार पठनबोध क्षमताको प्रतिनिधि जनसंख्यालाई चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । जसअनुसार २५ प्रतिशतभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरुको संख्या ५ रहेको देखिन्छ । २५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरुको संख्या २५ प्रतिशत रहेको देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरु संख्या २५

प्रतिशत रहेको पाइन्छ । ७५ प्रतिशत देखि माथि पठनबोध क्षमता भएका विद्यार्थीहरुको संख्या ८.३३ प्रतिशत रहेको देखिन्छ ।

विश्लेषणका लागि सहजता बनाउन ५० प्रतिशतलाई आधार मानेर ५० प्रतिशत भन्दा माथि पठनबोध क्षमता सन्तोषजनक र ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता निराशाजनक भनी वर्गीकरण गर्दा ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको संख्या ५० प्रतिशत देखिएको छ । बहुसंख्याक विद्यार्थीहरुको ५० प्रतिशतसँग समान देखिएकाले समग्रमा सबै विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक नै मानिएको छ ।

### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा नमुना विद्यार्थीहरुको पठनबोध क्षमताको स्थिति

| कुल संख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५२ | १२.१६ | २७ | ४५ | ३३ | ५५ |

तालिका नं. २

माथिको तालिका अनुसार प्रतिनिधि नमुना छनोटमा समेटिएका ६० जना विद्यार्थीहरुको समग्र मध्यमान ५२ छ भने समग्र मानक विचलन १२.१६ रहेको छ । समग्र मध्यमानलाई आधार मानी मध्यमानभन्दा माथि र तल दुई समूहमा वर्गीकरण गर्दा समग्र मध्यमानभन्दा माथि २७ जना तथा ४५ प्रतिशत र समग्र मध्यमान भन्दा तल ३३ जना विद्यार्थीहरु तथा ५५ प्रतिशत रहेको देखिन्छ । माथिको तथ्याङ्क अनुसार मध्यमानभन्दा तल र माथिको अन्तर जम्मा १० प्रतिशत मात्र रहेको पाइन्छ । यसरी मध्यमानका आधारमा नमुना छनोटका समग्र विद्यार्थीहरुको पठनबोध क्षमता सामान्य रहेको देखिन्छ ।

मानक विचलनले विभिन्न तथ्याङ्कका विवरणहरुको बीचमा एकरुपता छ कि छैन भन्ने कुराको ज्ञान गराउँछ मानक विचलनको संख्या तथा अरु सानो हुन्छ त्यति नै ती तथ्याङ्कहरुका बीचमा एकरुपताको स्थिति रहेको मानिन्छ । जस अनुसार माथिको तालिकामा समग्र मानक विचलन १२.१६ रहनुले समग्र विद्यार्थीहरुको पठनबोध क्षमतामा एकरुपताको स्थिति रहेको पाइन्छ । मानक विचलनका आधारमा समग्र विद्यार्थीहरुको प्राप्ताङ्कको विवरणमा एकरुपता देखिनु र मध्यमानका आधारमा मध्यमान भन्दा तल केही प्रतिशत बढी विद्यार्थीहरु रहनुले समग्रमा सम्पूर्ण विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषप्रद रहेको मान्न सकिँदैन ।

## ४.२ नमुना विद्यार्थीहरुको मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको समूहगत स्थिति

| कुल संख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत संख्या | मध्यमान भन्दामाथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | | | लिङ्ग छात्र | ३० | १६ | ५३.३३ | १४ | ४६.६६ |
| | | | लिङ्ग छात्रा | ३० | १३ | ४०.६० | १८ | ६० |
| | | | **भाषिक पृष्ठभूमि** | | | | | |
| | | | नेपाली मातृभाषी | १५ | ८ | ५३.३३ | ७ | ४६.६६ |
| | | | नेपाली दोस्रोभाषी | ४५ | २० | ४४.४४ | २५ | ५५.५५ |
| | | | **विद्यालयको प्रकृति** | | | | | |
| | | | सामुदायिक | ६० | २५ | ४१.६६ | ३५ | ५८.३३ |
| | | | **उमेरगत** | | | | | |
| | | | पन्ध्र वर्षभन्दा तल | २५ | १० | ४०.०० | १५ | ६०.०० |
| | | | पन्ध्र वर्षभन्दा माथि | ३५ | १८ | ५१.४२ | १७ | ४८.५७ |
| | | | **अभिभावकको पेशा** | | | | | |
| | | | कृषि | ४० | १९ | ४७.५ | २१ | ५२.५ |
| | | | जागिर | २० | ८ | ४०.० | १२ | ६० |
| ६० | ५२ | १२.१६ | जम्मा | | | | | |

**तालिका नं. ३**

उपर्युक्त तालिकामा संकलित तथा नमुनाको रुपमा ल्याइएका विद्यार्थीहरुको संख्या ६० रहेका छन् । साङ्खिकीय सूत्रको प्रयोग गरी समग्र मानक विचलन निकाल्दा १२.१६ आएको छ भने समग्र मध्यमान ५२ आएको पाइन्छ । यिनै तथ्याङ्कलाई आधार मानी विभिन्न समूहको समूहगत पठनबोध क्षमताको विश्लेषण गर्दा निम्नानुसार अवस्था रहेको पाइन्छ ।

लैङ्गिक समूहको आधारमा हेर्दा छात्र तर्फ ३० र छात्रातर्फ ३० जना विद्यार्थीहरु यस अध्ययनमा समावेश गरिएको पाइन्छ । समग्र मध्यमान ५२ लाई आधार मानी तथ्याङ्क विश्लेषण गर्दा छात्र तर्फ ५३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ४६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेको देखिन्छ । मध्यमानभन्दा तल र माथिको तथ्याङ्कलाई हेर्दा छात्रहरुको पठनबोध क्षमता सन्तोषजनक देखिएको छ । यसैगरी समग्र मध्यमान ५२ लाई आधार मानेर छात्राहरुको पठनबोध क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि ४०.०० प्रतिशत र मध्यमान भन्दा तल ६० प्रतिशत रहेको छ । समग्र मध्यमानलाई आधार मान्दा मध्यमान भन्दा माथि र मध्यमानभन्दा तलको तथ्याङ्कलाई हेर्दा छात्राहरुको पठनबोध क्षमता कमजोर

रहेको छ । छात्र र छात्रा बीचको पठनबोध क्षमतालाई हेर्दा छात्राको तुलनामा छात्रको पठनबोध क्षमता बढी रहेको छ ।

नमुना छनोटका ६० विद्यार्थीहरुमध्ये नेपाली मातृभाषी २५ जना र दोस्रोभाषि तर्फ ३५ जना विद्यार्थीहरुलाई समेटिएका छन् । समग्र मध्यमान ५२ का आधारमा नेपाली मातृभाषी विद्यार्थीहरुलाई केलाउँदा ५३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ४६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेको देखिन्छ । बहुसंख्याक विद्यार्थीहरु मध्यमानभन्दा माथि रहेको हुनाले नेपाली माभृभाषी विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोगाजनक रहेको छ । समग्र मध्यमान ५२ लाई आधार मानी प्रस्तुत अध्ययनलाई दोस्रोभाषीं विद्यार्थीहरु तर्फ केन्द्रित गर्दा ४४.४४ प्रतिशत मध्यमानभन्दा माथि र ५५.५५ प्रतिशत मध्यमानभन्दा तल देखिएको छ । यसरी नेपाली दोस्रोभाषी विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर अर्थात कमजोर देखिएको छ ।

विद्यार्थीहरुको उमेर समूहको अध्ययनका लागि सहज बनाउन पन्ध्र वर्षभन्दा तलका र पन्ध्र वर्षदेखि माथि गरी दुई भागमा विभाजन गरिएको छ । नमूना छनोटका ६० विद्यार्थीहरुमध्ये पन्ध्र वर्षभन्दा तल २५ जना र पन्ध्र वर्षभन्दा माथि ३५ जना विद्यार्थीहरु समेटिएका छन् । समग्र मध्यमान ५२.९० का आधारमा पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरु केलाउँदा ५५.२ प्रतिशत विद्यार्थीहरु  मध्यमानभन्दा माथि र ५१.२० प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेको पाइन्छ । बहुसंख्यक विद्यार्थीहरु मध्यमानभन्दा माथि भएका हुनाले पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मध्यमान ५२ लाई आधार मानी पन्ध्र वर्षभ्नदा माथिका विद्यार्थीहरु केलाउँदा ४८.२७ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ५१.७३ प्रतिशत विद्यार्थी विद्यार्थीहरु मध्यमानभन्दा तल रहेको हुनाले यो समूहका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको छ ।

विद्यार्थीहरुको अभिभावकको पेशाले पनि विद्यार्थीहरुको पठनबोध क्षमतालाई असर गरेको हुन्छ । अभिभावकको पेशाको आधारमा हेर्दा कृषि ४० र जागिर तर्फ २० जना विद्यार्थीहरु यस अध्ययनमा समाबेश गरिएको पाइन्छ । समग्र मध्यमान ५२ लाई आधार मानी तथ्याङ्कको विश्लेषण गर्दा ६६.६७ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि रहेको र ३३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेको देखिन्छ । मध्यमानभन्दा तल र माथिको ३३.३४ प्रतिशत देखिन्छ । समग्र मध्यमानलनई आधार मान्दा मध्यमानभन्दा माथि र तलको प्रतिशतमा ठूलो अन्तर नभएकाले पेशाकारु पमा कृषि अँगालेका अभिभावकका विद्यार्थीहरुको

पठनबोध क्षमता माथि पाइन्छ । यसै गरी समग्र मध्यमान ५२ लाई आधार मानी जागिरतर्फ समग्र मध्यमानभन्दा माथि ४०.०० प्रतिशत मध्यमानभन्दा तल ६०.०० प्रतिशत विद्यार्थीहरु रहेको पाइन्छ । पेशाका रुपमा जागिर अँगालेका अभिभावकका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको छ । समग्रमा अभिभावकको पेशाका आधारमा जागिर अँगालेका अभिभावकका विद्यार्थीहरुको भन्दा कृषि अँगालेका अभिभावककाविद्याथीहरुको पठनबोधक्षता बढी छ ।

## ४.२.१ नमुना विद्यार्थीहरुको मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको जातीयगत स्थिति

| कुल संख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत संख्या | मध्यमान भन्दामाथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | | | **जातीयता** | | | | | |
| | | | मगर | १० | ४ | ४० | ६ | ६० |
| | | | क्षेत्री बाहुन | ३५ | २० | ५७.१४ | १५ | ४२.८६ |
| | | | नेवार | ५ | ३ | ६० | २ | ४० |
| | | | वि.क. | ४ | २ | ५० | २ | ५० |
| | | | परियार | ३ | २ | ६६.६७ | १ | ३३.३३ |
| | | | सुनार | २ | २ | १०० | – | – |
| ६० | ५२ | १२.१६ | यादव | १ | १ | १०० | – | – |

**तालिका नं. ४**

जातीयताका आधारमा प्रस्तुत अध्ययनलाई विश्लेषण गर्नुपर्दा मगर जातिको बाहुल्यता रहेको पाइन्छ । नमुना छनोटका ६० जना विद्यार्थीहरुमध्ये ३५ जना अर्थात ५८.३३ प्रतिशत मगर विद्यार्थीहरु रहनुले उक्त कुराको पुष्टि गर्दछ । समग्र मध्यमान ५२ लाई आधार मानी हेर्दा ५७.१४ प्रतिशत मगर विद्यार्थीहरुको पठनबोध क्षमता मध्यमानभन्दा माथि र ४२.८६ प्रतिशत मगर विद्यार्थीहरुको पठनबोध क्षमता मध्यमानभन्दा तल रहेको देखिन्छ । यक्त तथ्याङ्कका आधारमा मगर विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक नरहेको देखिन्छ ।

यसै गरी जातीयताका दृष्टिले हेर्दा क्षेत्री बाहुन जाति विद्यार्थीहरुको संख्या १० जना अर्थात १६.६७ प्रतिशत विद्यार्थीहरु यस अन्तर्गत समेटिएका छन् । समग्र मध्यमान ५२ लाई आधार मानी प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा ४० प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ६० प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । यस जाति अन्तर्गत बहुप्रतिशत

विद्यार्थीहरु मध्यमानभन्दा तल र अल्पप्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि रहनुले बाहुन क्षेत्री जाति विद्यार्थीहरुको पठनबोध क्षमता केही कमजोर रहेको देखिन्छ ।

जातीयताको आधारमा हेर्दा प्रस्तुत अध्ययनमा नेवार जाति विद्यार्थीहरुको संख्या ५ जना अर्थात ८.३३ प्रतिशत विद्यार्थीहरु समेटिएको पाइन्छ । समग्र मध्यमान ५२ लाई आधार मानी प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा ६० प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ४० प्रतिशत मध्यमानभन्दा तल विद्यार्थीहरु रहेको पाइन्छ । उक्त तथ्याङ्कका आधारमा नेवार जाति विद्यार्थीहरुको पठनबोध क्षमताको विपश्लेषण गर्नुपर्दा उक्त जाति विद्यार्थीहरुमा पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनमा वि.क. जातिका ४ जना अर्थात ६.६७ प्रतिशत विद्यार्थीहरु समेटिएका छन् । समग्र मध्यमान ५२ लाई आधार मान्दा ५० प्रतिशत विद्यार्थीहरुको पठनबोध क्षमता मध्यमान भन्दा माथि र ५० प्रतिशत विद्यार्थीहरुको पठनबोध क्षमता मध्यमानभन्दा तल देखिएको छ । उक्त तथ्याङ्कका आधारमा वि.क. जातिका विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोगाजनक रहेको छ ।

उपर्युक्त तालिकामा जातीयताका आधारमा ३ जना अर्थात ५ प्रतिशत परियार जातिमध्ये समग्र मध्यमानभन्दा माथि ६६.६७ प्रतिशत र मध्यमानभन्दा तल ३३.३३ प्रतिशत रहेका छन् । सुनार जातिका २ जनामध्ये समग्र माथि १०० प्रतिशत र मध्यमानभन्दा तल शुन्य रहेका छन् । सुनार जातिका ३ नै जना रहेका छन् । यादव जातिका १ जनामध्ये १ जना मध्यमानभन्दा माथि रहेका छन् ।

उपर्युक्त सम्पूर्ण जातीय तथ्याङ्कलाई गहिरिएर विश्लेषण गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता बत्रढी र घटी हुनुको पछाडि जातीय आधारमा जिम्मेवार नरहन सक्छ, बरु विद्यार्थी स्वयम्‌को पढाइप्रति रुचि, बौद्धिक क्षमता, घरायसी वा विद्यालयीय वातावरण, पढाइका अवसरहरु जस्ता कुराहरु बढी जिम्मेवार रहन सक्छन् । समग्र मानक विचलन १२.१६ लाई आधार मानी समग्र विद्यार्थीहरुको पठनबोध क्षमता विश्लेषण गर्दा विद्यार्थीहरुको पठनबोध क्षमतामा एकरुपता देखिन्छ ।

# अध्याय पाँच

# तुलनात्मक विश्लेषण

## ५.१ विभिन्न समूहबीचमा पठनबोध  क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अधययनमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्याय चारमा प्रस्तुत गरिएको व्याख्या विश्लेषणलाई आधार मानेर शोधकर्ताद्वारा शोधनिर्देशनको परामर्शमा विभिन्न चलहरुका बीच तुलनात्मक विश्लेषण गरिएको छ । विभिन्न समूह वर्गबाट लिइएको तथ्याङ्कका आधारमा सोही समूहहरुबीच पठनबोध क्षमतामा के कति अन्तर छ भन्नेतर्फ तुलनात्मक अन्तर केन्द्रित रहेको छ । भिन्नभिन्न चलहरुका बीच तुलनात्मक विश्लेषण गर्न मध्यमान, मानक विचलन, 'Z' परीक्षणजस्ता साङ्‌खिकीयहरुलाई उपयोगमा ल्याइएको छ ।

प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइका विभिन्न चलहरुबीचको तुलनात्मक विश्लेषण गर्दा 'Z' परीक्षणको उपयोग गरिएको कुरा माथि नै उल्लेख गरिएको छ । 'Z' परीक्षणको प्रयोग गर्दा निम्नानुसार प्रक्रिया अपनाइएको छ : गणना गरिएको 'Z' को मान (क्यालकुलेडेर भ्यालु अफ जेड) भन्दा 'Z'  तालिकामा दिइएको 'Z' मान (क्रिटिकल भ्यालु अफ जेड) कम भएमा दुई चलहरुबीचको क्षमता असमान रहेको हुन्छ । त्यसै गरी गणना गरिएको 'Z' को मान (क्यालकुलेडेर भ्यालु अफ जेड) भन्दा 'Z'  तालिकामा दिइएको 'Z' मान (क्रिटिकल भ्यालु अफ जेड) बढी भएमा दुई चलहरुबीचको क्षमता समान रहन्छ ।

### ५.१.१ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीचको तुदना

| समूह | संख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'Z' मान |
|---|---|---|---|---|---|---|
| छात्र | ३० | ५२ | ५२ | १२.१० | १२.४६ | ०.०१३ |
| छात्रा | ३० | ५२.२० | | १२.२२ | १२.१६ | .०१२ |

तालिका नं. ५

माथिको तालिकालाई लैङ्गिक दृष्टिले हेर्दा छात्रतर्फ ३० जना र छात्रातर्फ ३० जना विद्यार्थीहरु प्रस्तुत अध्ययनमा समावेश भएको देखिन्छ । उक्त तालिकामा समग्र मध्यमान ५२ प्रतिशत रहेको छ  भने समूहगत रुपमा छात्र विद्यार्थीहरुको मध्यमान ५२ र छात्रा

विद्यार्थीहरुको मध्यमान ५२.२० प्रतिशत रहेको कुरा माथिको तथ्याङ्कमा उल्लेख गरिएको देखिन्छ । यसैगरी उक्त तालिकामा समग्र मानक विचलन १२.१६ छ भने समूहगत रुपमा हेर्दा छात्रतर्फको नामक विचलन १२.१० र छात्रातर्फको मानक विचलन १२.२२ रहेको पाइन्छ । समग्र मध्यमान ५२ का आधारमा छात्र विद्यार्थीहरुको पठनबोध क्षमता सामान्य रहेको पाइन्छ । उक्त समूहको मध्यमानसँग बराबर हुनुले उक्त कुराको पुष्टि गर्दछ । त्यसै गरी छात्रातर्फको पठनबोध क्षमताको स्थिति पनि सामान्य रहेको पाइन्छ । समग्र मध्यमानभन्दा छात्रा विद्यार्थीहरुको मध्यमान .०२ ले बढी हुनुले उक्त कुरालाई प्रमाणित गरेको बुझिन्छ । समग्रमा यस अध्ययनमा मध्यमानका आधारमा छात्र र छात्रा विद्यार्थीबीच देखा परेको पठनबोध क्षमतामा .०२ को फरक देखिए पनि अन्तर नदेखिएकाले उक्त समूहका विद्यार्थीहरुको पठनबोध क्षमता सामान्य रहेको मान्न सकिन्छ ।

पर्ने प्रभावलाई सङ्केत गरिएको छ । समग्र मध्यमान ५२ रहेको छ भने पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरूको मध्यमान ५४.२० र पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरूको मध्यमान ५२.२० रहेको छ । समग्र  मध्यमानभन्दा पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरूको मध्यमान ३.२ ले बढी रहेको हुनाले पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मध्यमानभन्दा पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरूको मध्यमान १.७७ ले तल रहेको हुनाले पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको छ ।

मानक विचलनलाई हेर्दा समग्र मानक विचलन १२.४६ रहेको छ भने पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरूको मानक विचलन ११.३७ र पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरूको मानक विचलन १३.२० रहेको देखिन्छ । समग्र मानक विचलनभन्दा पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरूको मानक विचलन १.०९ ले र पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरूको मानक विचलन ०.७४ ले बढी रहेको छ । यस तथ्याङ्कलाई हेर्दा पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीको तुलनामा पन्ध्र  वर्षभन्दा तलका विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा एकरूपता देखिएको पाइन्छ । यी दुई समूहबीचको अन्तरलाई वस्तुगत रूपमा केलाउन 'z' को मान  ०.०५ सार्थकताको तहमा हेर्दा पठनबोध क्षमतामा अन्तर रहेको पाइँदैन । गणना गरिएको 'z' मान (१.५६) भन्दा तालिकामा अङ्कित 'z' को मान (१.९६) बढी भएकाले उक्त कुराको पुष्टि गर्दछ । यसरी पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरूको र पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

### ५.१.५ पठनबोध क्षमतामा अभिभावकको पेशाका आधारमा व्यापार र जागिरबीच तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' मान |
|---|---|---|---|---|---|---|
| व्यापार | ६० | ५३.२८ | ५२.९७ | ११.८१ | १२.४६ | ०.२८ |
| जागिर | ६० | ५२.६५ | | १३.०७ | | |

**तालिका नं. ९**

माथिको तालिकामा अभिभावकको पेशाका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमतामा पारेको प्रभावका बारेमा देखाइएको छ । नमुना छनोटका क्रममा अभिभावकको पेशा व्यापार भएका विद्यार्थीहरूको सङ्ख्या ६० जना र अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरूको सङ्ख्या ६० जना गरी दुई समूहमा विभाजन गरिएको छ । समग्र मध्यमान ५२.९७ छ भने अभिभावकको पेशा व्यापार भएका विद्यार्थीहरूको मध्यमान ५३.२८ र अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरूको मध्यमान ५२.६५ रहेको छ । समग्र मध्यमानभन्दा अभिभावकको पेशा व्यापार भएका विद्यार्थीहरूको मध्यमान ०.३१ ले बढी रहेको हुनाले अभिभावकको पेशा व्यापार भएका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मध्यमानभन्दा अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरूको मध्यमान ०.३२ ले तल रहेको हुनाले अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको छ ।

मानक विचलनलाई हेर्दा समग्र मानक विचलन १२.१६ छ भने छात्रतर्फ मानक विचलन १२.१० र छात्रतर्फ १२.२२ रहेको पाइन्छ । उपर्युक्त तालिकामा उल्लेखित तथ्याङ्कअनुसार छात्र विद्यार्थीहरुको मानक विचलन समग्र मानक विचलनभन्दा ०.०६ ले बढी रहेको छ भने छात्रा विद्यार्थीहरुको मानक विचलन समग्र मानक विचलन भन्दा ०.०६ ले नै तल रहेको छ । माथिको तथ्याङ्कलाई हेर्दा छात्रका तुलनामा छात्रामा प्राप्ताङ्कको वितरणमा बढी एकरुपता रहेको छ । यी दुवै समूहबीचको अन्तरलाई वस्तुगत रुपमा केलाउन 'Z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा उक्त दुवै समूहको पठनबोध क्षमतामा तात्विक अन्तर नभएको

पाइन्छ । गणना गरिएको 'Z' को मान ०.०१२ भन्दा तालिकामा अंकित 'Z' को मान १.७६ ले बढी भएकाले उक्त कुराको पुष्टि गर्दछ । यसरी छात्र र छात्रा विद्यार्थीहरुको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

### ५.१.२ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीबीच तुलना

| समूह | संख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'Z' मान |
|---|---|---|---|---|---|---|
| छात्र | १५ | ५३.०३ | ५२ | ११.६३ | १२.१६ | १.६३ |
| छात्रा | ४५ | ४८.०२ | | १.९ | | |

तालिका नं. ६

उपर्युक्त तालिकामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी हुने ९१ जना र नेपाली दोस्रोभाषी हुने २९ जना विद्यार्थीहरुलाई अध्ययनमा समावेशी गरिएको छ । समग्रमध्यमान ५२ छ भने नेपाली मातृभाषी विद्यार्थीहरुको मध्यमान ५३.०३ र नेपाली दोस्रोभाषी विद्यार्थीहरको मध्यमान ४८.०२ रहेको छ । समग्र मध्यमानभन्दा नेपाली मातृभाषी विद्यार्थीहरुको मध्यमान ०.१६ ले बढी रहेको हुनाले नेपाली मातृभाषी विद्याथीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको छ । नेपाली मातृभाषी विद्यार्थीहरुको मध्यमान समग्र मध्यमान भन्दा ३.९८ ले तल रहेको हुनाले नेपाली दास्रोभाषी विद्याथीहरुको पठनबोध क्षमता कमजोर रहेको छ ।

मानक विचारलाई हेर्दा समग्र मानक विचलन १२.१६ रहेको छ भने नेपाली मातृभाषा विद्यार्थीहरुको मानक विचलन ११.३२ र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको मानक विचलन १०.९ रहेको देखिन्छ । समग्र मानक विचलनभन्दा नेपाली मातृभाषी विद्यार्थीहरुको मानक विचलन ०.८४ ले कमी र नेपाली दास्रोभाषी विद्यार्थीहरुको मानक विचलन समग्र मानक विचलनभन्दा १.२६ ले तल रहेको छ । यस तथ्याङ्कलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरुको प्राप्ताङ्कको विवरणमा बढी एकरुपता पाइन्छ । यी दुवै समूहबीचको अन्तरलाई वस्तुगत रुपमा केलायन 'Z' को मान ०.०५ सार्थकताको तुलनामा हेर्दा उत्तः दुवै समूहको पठनबोध क्षमतामा तात्त्विक अन्तर नभएको पाइन्छ । गणना गरिएको 'Z' को मान ( १.६३) भन्दा तालिकामा अङ्कित 'Z' को मान (१.७६) बढी भएकोले उक्त कुराको पुष्टि गर्दछ

। यसरी नेपाली मातृभाषी र नेपाली दास्रोभाषी विद्यार्थीहरुको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

मानक विचलनलाई हेर्दा समग्र विचलन १२.१६ रहेको छ भने अभिभावकको पेशा कृषि भएका विद्यार्थीहरुको मानक विचलन ११.६० र अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरुको मानक विचलन १२.९० प्रतिशत रहेको पाइन्छ । समग्र मानक विचलन भन्दा अभिभावकको पेशा कृषि भएका विद्यार्थीहरुको विचलन ०.५६ ले तल र अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरुको मानक विचलन ०.७४ ले बढी रहेको छ । यस तथ्याङ्कलाई हेर्दा अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरुको तुलनामा अभिभावकको पेशा कृषि भएका विद्यार्थीहरुको प्राप्ताङ्कको वितरणमा एकरुपता देखिएको छ । यी दुई समूहबीचको अन्तरलाई वस्तुगत रुपमा केलाउन 'z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा पठनबोध क्षमतामा असर रहेको पाइँदैन । गणना गरिएको 'z' को मान ०.३१ भन्दा तालिकामा अङ्कित 'z' को मान ( १.९६) बढी भएकाले उक्त कुराको पुष्टि गर्दछ । यसरी अभिभावकको पेशा व्यापार भएका विद्यार्थीहरु र अभिभावकको पेशा जागिर भएका विद्यार्थीहरुको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

**तालिका नं.१०**

**५.१.६ पठनवोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र मगर विद्यार्थीहरुबीच तुलना**

| समूह | संख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' मान |
|---|---|---|---|---|---|---|
| बाहुन/क्षेत्री | १० | ५३.२० | ५२ | ११.०० | १२.१६ | ०.२५ |
| मगर | ३५ | ५४.२० | | ११.२० | | |

माथिको तालिकामा बाहुन/क्षेत्रीतर्फ १० जना र मगर जातितर्फ ०.३५ जना विद्यार्थीहरुको मध्यमान ५३.२० र मगर जातिका विद्यार्थीहरुको मध्यमान ५४.२० रहेको देखिन्छ । समग्र मध्यमानभन्दा बाहुन/क्षेत्री जातिका विद्यार्थीहरुको मध्यमान १.२ ले बढी रहेको हुनाले बाहुन/क्षेत्री जातिका विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मध्यमानभन्दा मगर जातिका विद्यार्थीहरुको मध्यमान २.२० ले बढी रहेको हुनाले मगर जातिका विद्यार्थीहरु पठनवोध क्षमता सन्तोषजनक रहेको छ ।

मानक विचलनलाई हेर्दा समग्र मानक विचलन १२.१६ रहेको छ भने बाहुन/क्षेत्री जातिका विद्यार्थीहरुको मानक विचलन ११.०० र मगर जातिका विद्यार्थीहरुको मानक विचलन ११.२० रहेको पाइन्छ । समग्र मान विचलनभन्दा बाहुन/क्षेत्री जातिका विद्यार्थीहरुको मानक विचलन १.१६ ले तल र मगर जातिका विद्यार्थीहरुको मानक विचलन ९६ ले तल रहेको छ । यस तथ्याङ्कलाई हेर्दा बाहुन/क्षेत्री जाति विद्यार्थीको तुलनामामगर जाति विद्यार्थीहरुको प्राप्ताङ्कको विवरणमा एकरुपता देखिएको छ । यी दुई समूहबीचको क्षमतामा अन्तर रहेको पाइँदैन । गणना गरिएको 'z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा पठनबोध क्षमता अन्तर रहको पाइँदैन । गणना गरिएको 'z' को मान ०.२५३ भन्दा तालिकामा अङ्‌िकत 'z' को मान (१.९६) बढी भएकाले उक्त कुराको पुष्टि गर्दछ । यसरी बाहुन/क्षेत्री जातिका विद्यार्थीहरु र मगर जातिका विद्यार्थीहरुको पठनवोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

**तालिका नं.११**

**५.१.६ पठनवोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र नेवार विद्यार्थीहरुबीच तुलना**

| समूह | संख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' मान |
|---|---|---|---|---|---|---|
| बाहुन/क्षेत्री | १० | ५४.४७ | ५२.०५२ | ११.८७ | १२.१६ | ०.६७ |
| नेवार | ५ | ५०.१३ | | ११.५७ | | |

माथिको तालिकामा बाहुन/क्षेत्रीतर्फ १० जना र नेवार जातितर्फ ५ जना विद्यार्थीहरुलाई अध्ययनमा समावेश गरिएको छ । समग्र मध्यमान ५२.० छ भने बाहुन/क्षेत्री विद्यार्थीहरुको मध्यमान ५४.४७ र नेवार जातिका विद्यार्थीहरुको मध्यमान २.४७ ले बढी रहेको हुनाले बाहुन/क्षेत्री जातिका विद्यार्थीहरुको पठनवोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मध्यमानभन्दा नेवार जातिका विद्यार्थीहरुको मध्यमान १.८७ ले तल रहेको हुनाले नेवार जातिका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको छ ।

मानक विचलनलाई हेर्दा समग्र मानक विचलन १२ रहेको छ भने बाहुन/क्षेत्री जातिका विद्यार्थीहरुको मानक विचलन ११.८७ र नेवार जातिका विद्यार्थीहरुको मानक विचलन ११.५७ रहेको पाइन्छ । समग्र मानक विचलन भन्दा बाहुन/क्षेत्री जातिका विद्यार्थीहरुको मानक

विचलन ०.२९ ले तल नेवार जातिका विद्यार्थीहरुको मानक विचलन ०.५९ ले तल रहेको छ। यस तथ्याङ्कलाई हेर्दा बाहुन/क्षेत्री जातिका विद्यार्थीको तुलनामा नेवार जातिका विद्यार्थीहरुको प्राप्ताङ्कको वितरणमा एकरुपता देखिएको छ। यी दुई समूहबीचको अन्तरलाई वस्तुगत रुपमा केलाउन 'z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा पठनबोध क्षमतामा अन्तर रहेको पाइँदैन। गणना गरिएको 'z' को मान ०.६६ भन्दा तालिकामा अङ्कित 'z' को मान (१.९६) बढी भएकाले उक्त कुराको पुष्टि गर्दछ। यसरी बाहुन/क्षेत्री जातिका विद्यार्थीहरु र नेवार जातिका विद्यार्थीहरुको पठनबोध क्षमतामा सार्थक अन्तर छैन।

**तालिका नं.१२**

**५.१.६ पठनबोध क्षमता जातीयताका आधारमा मगर र नेवार विद्यार्थीहरुबीच तुलना**

| समूह | संख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' मान |
|---|---|---|---|---|---|---|
| मगर | ३५ | ५४.२० | ५२ | ११.४१ | १२.१६ | ०.७३ |
| नेवार | ५ | ५०.१३ | | ११.५७ | | |

मथिको तालिकामा मगर जातितर्फ ०.३५ जना र नेवार जातितर्फ ५ जना विद्यार्थीहरुलार्य अध्ययनमा समावेश गरिएको छ। समग्र मध्ययन ५२ छ भने मगर जातिका विद्यार्थीहरुको मध्यमान ५४.२० र नेवार जातिका विद्यार्थीहरुको मध्यमान ५०.१३ रहेको देखिन्छ। समग्र मध्यमानभन्दा मगर जातिका विद्यार्थीहरुको मध्यमान २.२० ले बढी रहेको हुनाले मगर जातिका विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको छ। समग्र मध्यमानभन्दा नेवार जातिका विद्यार्थीहरुको मध्यमान १.८७ ले तल रहेको हुनाले नेवार जातिका विद्यार्थीहरुको पठनबोध कमजोर रहेको छ।

मानक विचलनलाई हेर्दा समग्र मान विचलन १२.१६ रहेको छ भने मगर जातिका विद्यार्थीहरुको मानक विचलन ११.४१ र नेवार जातिका विद्यार्थीहरुको मानक विचलन ११.५७ रहेका पाइन्छ। समग्र मानक विचलन भन्दा मगर जातिका विद्यार्थीहरुको मानक विचलन ०.७५ ले तल र नेवार जातिका विद्यार्थीहरुको मानक विचलन ०.५९ ले तल रहेको छ। यस तथ्याङ्कलाई हेर्दा नेवार जातिका विद्यार्थीहरुको तुलनामा मगर जातिका विद्यार्थीहरुको प्राप्ताङ्कको वितरणमा एकरुपता देखिएको छ। यी दुई समूहबीचको अन्तरलाई वस्तुगत रुपमा केलाउन 'z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा पठनबोध क्षमतामा अन्तर रहेको पाइँदैन।

गणना गरिएको 'z' को मान ०.७३ भन्दा तालिकामा अङ्कित 'z' को मान (१.९६) बढी भएकाले उक्त कुराको पुष्टि गर्दछ । यसरी मगर र नेवार जातिका विद्यार्थीहरुको पठनबोध क्षमतामा सार्थक अन्तर छैन प्राक्कल्पना सत्य सावित भएको छ ।

**तालिका नं. १३**

**१.१.९ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र मुश्लिम विद्यार्थीहरुबीच तुलना**

| समूह | संख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' को मान |
|---|---|---|---|---|---|---|
| परियार | ३ | ५४.५० | ५२ | ११.८७ | १२.१६ | ०.५०४ |
| वि.क. | ४ | ५०.४० | | १५.३२ | | |

माथिको ताकिलामा परियार जातितर्फ ३ जना र वि.क. जातितर्फ ४ जना विद्यार्थीहरुलाई अध्ययनमा समावेश गरिएको छ । समग्र मध्यमान ५२.० छ भने परियार जातिका विद्यार्थीहरुको मध्यमान ५४.५० र वि.क जातिका विद्यार्थीहरुको मध्यमान ५०.४० रहेको देखिन्छ । समग्र मध्यमान भन्दा परियार विद्यार्थीहरुको मध्यमान २.५ ले बढी रहेको हुनाले परियार जातिका वद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मध्यमानभन्दा वि.क. जातिका विद्यार्थीहरुको मध्यमान १.६० तले तल रहेको हुनाले मुश्लिम जातिका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको छ ।

मानक विचलनलाई समग्र मानक विचलन १२.१६ रहेको छ भने परियार जातिका विद्यार्थीहरुको मानक विचलन ११.८७ र वि.क. जातिका विद्यार्थीहरुको मानक विचलन १५.३२ रहेको पाइन्छ । समग्र मानक विचलनभन्दा परियार जातिका विद्यर्थीहरुको मानक विचलन १५.३२ रहेको पाइन्छ । समग्र मानक विचलनभन्दा परियार जातिका विद्यार्थीहरुको मानक विचलन ०.२९ ले तल र वि.क. जातिका विद्यार्थीहरुको तुलनामा परियार जातिका विद्यार्थीहरुको प्राप्ताङ्कको वितरणमा एकरुपता पाइन्छ । यी दुई पठनबोध क्षमतामा अन्तर रहेको पाइँदैन । गणना गरिएको 'z' को मान ०.५०४ भन्दा तालिकामा अङ्कित 'z' को मान ( १.९६) बढी भएकाले उक्त कुराको पुष्टि गर्छ यसरी बाहुन/क्षेत्री र मुश्लिम जातिका

विद्यार्थीहरुको पठनबोध क्षमतामा सार्थक अन्तर देखिएको छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

## अध्याय छ

## निष्कर्ष तथा सुझाव

### ६.१ निष्कर्ष

कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्षहरु निकालिएको छ ।

६.१.१ नमुना छनौटका समग्र विद्यार्थीहरुको पठनबोध क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५० प्रतिशतभन्दा माथि ५०.०१ प्रतिशत विद्यार्थीहरुको पठनबोध क्षमता देखिएकाले विद्यार्थीहरुको समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

६.१.२ विद्यार्थीहरुको समग्र मध्यमानका आधारमा पठनबोध क्षमताको मापन गर्दा मध्यमानभन्दा तल १० प्रतिशत बढी विद्यार्थीहरु देखिएकाले विद्यार्थीहरुको पठनबोध क्षमता सामान्य रहेको पाइन्छ ।

६.१.३ लैङ्गिक दृष्टिले समग्र पठनबोध क्षमतालाई आधार मान्दा छात्र विद्यार्थीहरु मध्यमानभन्दा माथि ५३.३३ प्रतिशत र मध्यमानभन्दा तल ४६.६६ प्रतिशत विद्यार्थीहरु रहनाले छात्र समुहका विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको छ । यसै गरी उक्त समूहका छात्राहरुको पठनबोध क्षमतालाई हेर्दा समग्र मध्यमानभन्दा माथि ४०.०० प्रतिशत र मध्यमानभन्दा तल ६०.०० प्रतिशत विद्यर्थीहरु रहनाले छात्रा समूहका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको छ ।

६.१.४ भाषिक पृष्ठभूमिका दृष्टिले समग्र मध्यमानलाई आधार मान्दा नेपाली मातृभाषिको समग्र मध्यमानभन्दा माथि ५३.३३ प्रतिशत र मध्यमानभन्दा तल ४६.६६ प्रतिशत रहेको छ । नेपाली दोस्रोभाषितर्फ समग्र मध्यमानभन्दा माथि ४४.४४ प्रतिशत र मध्यमानभन्दा तल ५५.५६ प्रतिशत पठनबोध क्षमता रहनुले नेपाली दोस्रो भाषीभन्दा नेपाली मातृभाषिको क्षमता बढी रहेको छ ।

६.१.५ विद्यार्थीहरुको उमेरका दृष्टिले समग्र मध्यमानलाई आधार मानी हेर्दा पन्ध्र बर्षभन्दा तलका विद्यार्थीहरुमध्ये समग्र मध्यमानभन्दा माथि ४०.०० प्रतिशत र समग्र मध्मानभन्दा तल १० प्रतिशत रहेको छ । पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरुमध्ये समग्र मध्यमानभन्दा माथि ५१.४२ प्रतिशत र मध्यमानभन्दा तल ४८.५८ प्रतिशत रहेको छ । यसलाई हेर्दा पन्ध्र वर्षभन्दा तलका विद्यार्थीहरुको पठनबोध क्षमता सन्तोषजनक रहेको छ भने पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको छ ।

६.१.६ अभिभावकको पेशाले विद्यार्थीहरुको पठनबोध क्षमतामा प्रभाव पारेको हुन्छ । समग्र मध्यमानभन्दा माथि ४७.५ प्रतिशत र मध्यमानभन्दा तल ५२.५ प्रतिशत पठनबोध क्षमता रहेको छ यसलाई हेर्दा मध्यमानभन्दा माथि ४०.०० प्रतिशत र मध्यमानभन्दा तल ६०.०० प्रतिशत पठनबोध क्षमता रहेको छ । यसलाई हेर्दा अभिभावकको पेशा पेशा कृषि हुने विद्यार्थीहरुको पठनबोध क्षमता सामान्य छ भने अभिभावकको पेशा जागिर हुने विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको छ । अभिभावकको पेशा जागिर हुने विद्यार्थीहरुको भन्दा अभिभावकको पेशा कृषि हुने विद्यार्थीहरुको पठनबोध क्षमता बढी छ । यस्तो हुनुको कारण कृषि पेशा घरमै बसेर गरिने भएकाले उनीहरुले उनीहरुले बालबालिकालाई प्रत्यक्ष निगरानीमा राखेर अध्यापन गराएको पाइन्छ, भने जसको जागिर विपरित गर्नेहरुले आफ्नो बालबालिकालाई पर्याप्त समय दिन नसकेको पाइयो ।

६.१.७ जातीयताका दृष्टिले पठनबोध क्षमताको स्थिति हेर्न समग्र मध्यमानलाई आधार मान्दा नेवार जातिको सवैभन्दा उच्च पठनबोध क्षमता रहेको पाइन्छ भने त्यसपछि क्रमशः बाहुन/क्षेत्री, मुश्लिम र मगर जातिका विद्यार्थीहरुको पठनबोध क्षमता घट्दै गएको देखिन्छ ।

६.१.८ पठनबोध क्षमतामा लैङ्गिक आधारमा हेर्दा छात्र र छात्राहरुबीच क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' को मान ०.०५ सार्थक तहभन्दा तल हुनुले यो तथ्य पुष्टि हुन्छ ।

६.१.९ पठनबोध क्षमतामा भाषिक पृष्ठभुमिका आधारमा हेर्दा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' मान ०.०५ सार्थक तहभन्दा तल हुनुले यो तथ्य पुष्टि हुन्छ ।

६.१.१० पठनबोध क्षमतामा उमेर समूहका आधारमा पन्ध्र वर्षभन्दा तलका र पन्ध्र वर्षभन्दा माथिका विद्यार्थीहरुबीच सार्थक अन्तर पाइँदैन ।

६.१.११ पठनबोध क्षमतामा अभिभावकको पेशाका आधारमा कृषि र जागिरबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' मान ०.०५ सार्थक तहभन्दा तल हुनुले यो तथ्य पुष्टि हुन्छ ।

६.१.१२ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र मगर विद्याथीहरुबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' मान ०.०५ सार्थक तहभन्दा तल हुनुले यो तथ्य पुष्टि हुन्छ ।

६.१.१३ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र नेवार विद्यार्थीहरुबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' मान ०.०५ सार्थक तहभन्दा तल हुनुले यो तथ्य पुष्टि हुन्छ ।

६.१.१४ पठनबोधमा क्षमतामा जातीयताका आधारमा मगर र नेवार विद्यार्थीहरुबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' मान ०.०५ सार्थक तहभन्दा तल हुनुले यो तथ्य पुष्टि हुन्छ ।

६.१.१५ पठनबोध क्षमतामा जातीयताका आधारमा परियार र वि.क विद्यार्थीहरुबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' मान ०.०५ सार्थक तहभन्दा तल हुनुले यो तथ्य पुष्टि हुन्छ ।

## ६.२ सुझाव

'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

६.२.१ विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका निम्ति सबै तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू सम्बन्धित तहका विद्यार्थीहरूको आवश्यकता, बौद्धिकस्तर र रूचि क्षेत्रको पहिचान गरी सावधानी पूर्वक गर्नेतर्फ सचेत हुनु जरूरी देखिन्छ ।

६.२.२ लैङ्गिक दृष्टिकोणले छात्र र छात्राबीचको तथ्याङ्कलाई विश्लेषण गर्दा छात्राको पठनबोध क्षमता कमजोर देखिन्छ । अतः छात्राहरूप्रति आत्मबल एवम् उत्साह बढाउने तरिकाले

पढाइप्रति प्रेरित गर्नुपर्ने देखिन्छ । यसो गरेमा परम्परागत सोचले ग्रस्त भएर अघि बढ्न नसकेको छात्राहरूको क्षमता अभिवृद्धिमा टेवा प्राप्त हुन सक्ने देखिन्छ ।

६.२.३ पठनबोध क्षमतामा एकातिर सामग्रीको छनोटले प्रभाव पार्दछ भने अर्कातिर पठनकलाले पनि प्रभाव पारेको देखिन्छ । अतः विद्यार्थीहरूमा पठनबोध क्षमताको अभिवृद्धि गर्न तालिम प्राप्त र दक्ष शिक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६.२.४ नेपाली मातृभाषी भन्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर भएका कारणले तिनीहरूलाई थप ऐच्छिक नेपालीको व्यवस्था गरी शिक्षणमा ख्याल गरी पठनबोध क्षमता बढाउनुपर्ने देखिन्छ ।

६.२.५ पाठ्यपुस्तकमा समावेश अभ्यासलाई मात्र पठनबोधसम्बन्धी क्रियाकलापमा समावेश नगरी प्रत्येक गद्य पाठ्यशीर्षकमा पठनबोधसम्बन्धी क्रियाकलापहरू बढाउनुपर्दछ ।

६.२.६ शिक्षण गर्दा विषयवस्तु प्रस्तुत गरेपश्चात् शिक्षक आफैले सार कुरा विद्यार्थीहरूलाई दिनुभन्दा विद्यार्थीहरूमा छलफल गराई सार कुरा निकाल्ने प्रवृत्ति बसाल्नु पर्दछ ।

६.२.७ पाठ्यक्रममा बोधसम्बन्धी मूल्याङ्कन १० प्रतिशत मात्र राखेर उपेक्षा गरेको देखिन्छ । पठनबोध अत्यन्त महत्त्वपूर्ण भाषिक सीप भएकोले यसलाई जोड दिएर मूल्याङ्कनमा वृद्धि गर्नुपर्दछ ।

## ६.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

१. संस्थागत र सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन

२. प्राथमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

३. कक्षा दसको भाषापाठ्यपुस्तकको बोधगम्यतासम्बन्धी अध्ययन

४. कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन

५. पठनबोध क्षमताको विकासका लागि कक्षामा प्रयोग हुने शिक्षण विधिको अध्ययन

६. हिमाल र तराईका विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन

७. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

८. पठनबोध क्षमता विकासका लागि शिक्षण क्रियाकलापको भूमिकासम्बन्धी अध्ययन

९. उमेरगत आधारमा विद्यार्थीहरूको पठनबोधसम्बन्धी अध्ययन

१०. कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बोध क्षमता मापनमा प्रयोग गरिएका साधनहरूको अध्ययन

११. विद्यार्थीहरूको पत्रपत्रिका तथा लेख–रचनासम्बन्धी पठनबोध क्षमताको अध्ययन

# सन्दर्भग्रन्थ सूची

## पुस्तकसूची


अधिकारी, हेमाङ्गराज (२०६३), **भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

______________(२०५३ ते.सं.), **नेपाली भाषा शिक्षण**, काठमाण्डौँः कुञ्जल प्रकाशन ।

______________(२०५५ दो सं.), **समसामयिक नेपाली व्याकरण,** काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

______________(२०५९), **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** काठमाण्डौँः रत्न पुस्तक भण्डार ।

______________ र बद्रीविशाल भट्टाराई, (सम्पा,२०६१), **प्रायोगिक नेपाली शब्दकोश**, काठमाण्डौँः विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. ।

______________ (२०६१ चौ.सं), **प्रारम्भिक नेपाली शिक्षण,** काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव र पारसमणि भण्डारी (२०५९),**सरल नेपाली व्याकरण र रचना (कक्षा ९ र १०),** काठमाण्डौः एकता बुक्स ।

उपाध्याय, केशवप्रसाद (२०५९ छै.सं.), **साहित्य प्रकाशन**, काठमाण्डौँः साझा प्रकाशन ।

कार्की, उपेन्द्र (२०५५), **शैक्षिक मापन तथा मूल्याङ्कन**, काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१दो.सं.), **शैक्षिक अनुसन्धान पद्दति**, काठमाण्डौँः स्टुडेन्ट बुक्स पब्लिशर्स ।

गौतम, रामप्रसाद (२०६१), **भाषिक अनुसन्धान विधि**, दीक्षान्त पुस्तक भण्डार, त्रि.वि. कीर्तिपुर ।

ज.ब.रा. स्वयंप्रकाश र अन्य (२०५८), **शिक्षामा मापन र मूल्याङ्कन**, काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा केदार प्रसाद र पौडेल माधव प्रसाद (२०६७) नेपाली भाषा साहित्य शिक्षण, काठमाण्डौँः भोटाहिटी ।

ढुङ्गेल, भोजराज र दुर्गा दाहाल (२०५९), **प्रायोगिक भाषाविज्ञान,** काठमाण्डौँः एम. के. पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

दाहाल, पेशल र सोमनाथ खतिवडा (२०६७), **अनुसन्धान पद्दति**, काठमाण्डौँः एम. के पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पाठ्यक्रम विकास केन्द्र, (२०६७), **माध्यमिक नेपाली पाठ्यक्रम**, सानोठिमी, भक्तपुर ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाण्डौँः रत्नपुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधव पौडेल (२०६१), **साहित्यशास्त्र र नेपाली समालोचना,** काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधव पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाण्डौँः न्यु हिरा बुक्स ।

**शोधपत्र सूची**

उपाध्याय, गुरूप्रसाद, **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०६० ।

ज्ञवाली, कृष्णप्रसाद, **कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि कीर्तिपुर, २०६३ ।

सापकोटा, यज्ञलाल, **कक्षा सातको हाम्रो नेपाली किताबअन्तर्गत पठनबोध क्षमताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, बुटवल बहुमुखी क्याम्पस, २०६५ ।

**पत्रपत्रिका सूची**

सम्प्रेषण परिवार, **सम्प्रेषण (वर्ष १, अङ्क १, २०६१)**, ने. भा. शि. वि. त्रि. वि. कीर्तिपुर ।

सम्प्रेषण परिवार, **सम्प्रेषण (वर्ष २, अङ्क २, २०६३)**, ने. भा. शि. वि. त्रि. वि. कीर्तिपुर ।

सम्प्रेषण परिवार, **सम्प्रेषण (वर्ष ४, अङ्क ४, २०६४)**, ने. भा. शि. वि. त्रि. वि. कीर्तिपुर ।

# परिशिष्ट

## परिशिष्ट 'क'

## अध्ययनका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरू

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

नामः कक्षाः

उमेरः मितिः

मातृभाषाः गाउँ/सहरः

अभिभावकको पेशा : छात्र ☐ छात्रा ☐

विद्यालयको नाम र ठेगानाः

पढिरहेको विद्यालय : समुदायिक ☐ संस्थागत ☐

**१. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् ।**

नेपालको प्रकृति अनुपम सौन्दर्यको उत्कृष्ट नमुना हो । भौगोलिक, प्राकृतिक, सांस्कृतिक र सामाजिक विविधता नेपालको मौलिक स्वरूप बन्न पुगेको छ । हाम्रा हिमाच्छादित शिखर, सदा हरित वनसम्पदा र त्यही हरियालीमा लुकामारी खेल्ने विभिन्न जीवजन्तु अनि हाम्रो प्राचीन कलाकृति अतिथि निम्ताउने माध्यम वा स्वागतद्वारहरू हुन् । चाँदीझैँ टल्कने हिमशिखरले नौरङ्गी डाँफेको सुरसँगै मुसुक्क मुस्काइदिँदा, सुगारङ्गी पटुकी बाँधेका पहाडले मसक्क कम्मर मर्काइदिँदा र तन्नाझैँ बिच्छाइएको तराईले छमछम घुँघुरा बजाइदिँदा हाम्रा पाहुनाहरू आनन्दले भुतुक्कै हुन्छन् । अझ अतिथिआगमन र आतिथ्य प्रदर्शनमा हाम्रो सानो मुलुकले हृदयभरिका ठूला शब्दहरू घन्काइदिन्छ – स्वागतम् ! स्वागतम् ! स्वागतम् !

नेपालीहरूको आतिथ्य परम्परा वैदिक कालदेखि नै गरिमामय रहेको छ । साँझमा आएका पाहुनालाई देवतासरह मान्ने हाम्रो सांस्कृतिक वैशिष्ट्यका कारण हामी अतिथि सत्कारलाई सर्वश्रेष्ठ मानवीय गुण मान्छौँ । हाम्रो देशले लगाउने मोहनी र हाम्रो न्यानो आतिथ्यको सान्निध्यले स्वदेशी तथा विदेशी पर्यटकहरू पटकपटक भूस्वर्गको रसानुभूतिमा पौडिन चाहान्छन् , हृदयभरि हर्ष लुकाउन चाहान्छन् र मस्तिष्कमा ममता उमार्न चाहन्छन् । प्रकृतिले सुन्दर नगरीका रूपमा सिँगारिदिएको हाम्रो देश पहाड-पखेरा,छाँगा-छहरा, वनजङ्गल, डाँफे-मुनाल र लेकबँसीले शोभायमान छ । हाम्रा मठ, मन्दिर कलाकृति, संस्कृतिलगायत हाम्रो सिङ्गो भूगोलको विशेष मोहनीशक्तिका कारण प्रतिवर्ष हाम्रा अतिथिको सङ्ख्या बढ्दो छ । लडाकुको देश, मन्दिरको देश, हिमालको देश र कलाकृतिको देशका रूपमा हाम्रो देशले प्राप्त गरेको ख्याति हाम्रा अतिथिका आकर्षण हुन् । यिनको सुरक्षा एवम् संवर्द्धनमा नेपाली मस्तिष्क केन्द्रीकृत हुन सके हाम्रा अतिथिहरूको सङ्ख्या निरन्तर रूपमा वृद्धि हुने छ  तर अतिथिलाई देवतासरह स्वागत र सत्कार गर्नुपर्ने कुरामा हामीले विचार पुऱ्याउन सकेनौ भने उमङ्ग र उत्साहशील अतिथिहृदयमा घृणा र नैराश्य भरिन सक्छ । अतिथिलाई गरिने स्वागत र सत्कार भनेको नै उनीहरूप्रति गरिने मानवोचित

व्यवहार हो, यस कुरालाई हामीले कदापि बिर्सनु हुँदैन । अतिथिलाई विशेष आदर र सम्मानसाथ हेर्नु हाम्रो धार्मिक आचरण र सांस्कृतिक कर्तव्य मानिन्छ ।

**प्रश्नहरूः**

क. पाहुना कहिले भुतुक्क हुन्छन् ?

उत्तरः

ख. पर्यटकहरू के गर्न चाहन्छन् ?

उत्तरः

ग. हाम्रा अतिथिका आकर्षणहरू के–के हुन् ?

उत्तरः

घ. हामी पाहुनालाई कसरी सत्कार गर्छौं ?

उत्तरः

ङ. 'मोहनी' र 'केन्द्रीकृत' शब्दको अर्थ लेख्नुहोस् ।

उत्तरः

**तल दिइएका विकल्पहरूमध्ये सर्वोत्कृष्ट उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।**

१. नेपाललाई किन उत्कृष्ट नमुना मानिएको हो ?

क. नेपाल शान्तिको देश भएकाले　　ख. नेपालमा चौँध अञ्चल र पचहत्तर जिल्ला भएकाले

ग. नेपालमा प्रकृतिको अनुपम सौन्दर्य भएकाले　　घ. नेपालको राष्ट्रिय जनावर गाई भएकाले

२. हाम्रा अतिथि निम्ताउने स्वागतद्वारहरू के–के हुन् ?

क. हिमाच्छादित शिखरहरू　　ख. सदा हरित वनसम्पदाहरू

ग. हरियालीमा लुकामारी गर्ने जीवजन्तुहरू　　घ. माथिका सबै

३. 'सन्निध्य' शब्दको पर्यायवाची शब्द कुन हो ?

क. सहजता　　ख. निकटता

ग. स्वभाविकता　　घ. विविधता

४. 'अतिथि' शब्द कसरी बनेको छ ?

क. अ+ तिथि

ख. अत+अथि

ग. अति+थि

घ. अत+ आथि

**२. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको सङ्‌ र दिनुहोस् ।**

ख

भीमसेन थापा नेपालको स्वाभिमानलाई उच्च ष्ट्रिय प्रतिभा हुन् । मित्रराष्ट्र चीन र भारतले उनको मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । उनी देशको सार्वभौमसत्ता तथा राष्ट्रिय अखण्डताको संरक्षण गर्न सक्षम बनेका थिए । उनी तत्कालिन शासक र जनताको विश्वास जित्न पनि सफल भएका थिए । नैतिकता, मर्यादा, आँट साहस र धैर्यका प्रतिमूर्ति भीमसेन थापा नेपाल आमाका एक सपूतका रूपमा परिचित थिए । उनको जन्म वि.स. १८३२ साउन नौ गतेका दिन गोरखाको फिनाम गाउँमा भएको थियो । उनी काजी अमरसिंह थापा र सत्यरूपामायाका जेठा छोरा थिए । व्रतबन्धको क्रममा सर्वप्रथम भीमसेन थापाको भेट रणबहादुर शाहसँग भएको थियो । त्यस बेला उनको उमेर दश वर्षको थियो । एकै उमेरका शाह र थापाको मित्रताको आधार त्यसै बेलामा तयार भएको हो ।

भीमसेन थापाका पिता अमरसिंह थापा काजी पदमा आसीन थिए । यसै हुनाले भीमसेन थापाको राजदरबारसँग पनि सम्बन्ध भयो । त्यसैले चौबीस वर्षको उमेरमा नै उनी रणबहादुर शाहका हजुरिया बन्न पुगे । त्यसै बेलादेखि उनले दरबारका विभिन्न क्रियाकलापहरूलाई नजिकैबाट अध्ययन गर्ने अवसर प्राप्त गरे । उनमा क्रमशः राजनीतिक कुशलता पनि विकास हुन थाल्यो । वि.स. १८५७ मा रणबहादुर शाह बनारस जाँदा उनी पनि सँगै गएका थिए । त्यहाँ रहँदा उनले भारतीय राज्यहरूको आन्तारिक स्थिति, त्यहाँ अंग्रेजहरूले प्रवेश गर्नुको पृष्ठभूमि तथा तिनीहरूको विस्तारवादी तथा साम्राज्यवादी नीतिका बारेमा निकै ज्ञान हासिल गरे । नेपालका शक्ति हात पार्न दरबारका नजिक हुने र देशको राष्ट्रियता एवम् अखण्डताप्रति भने आँखा चिम्लने भारदारहरूको स्वार्थी प्रवृत्तिलाई पनि उनले राम्रोसँग बुझेका थिए । भारदारहरूको आपसी मतभेद र आन्तारिक कलहले विश्वासको यस्तो सङ्कट पैदा भएका अवस्थामा अंग्रेजहरूले नेपालप्रति वक्रदृष्टि राख्नु स्वाभाविक नै थियो । यसैको परिणामस्वरूप नेपालको हित विपरीत भारदारबाट अंग्रेजहरूसँग वाणिज्य सन्धि गरियो । देशको नीति तथा हित विपरीत गरिएको यो सन्धि भीमसेन थापालाई पटक्कै मन परेको थिएन । यस सन्धिलाई भङ्ग गराउनका लागि उनले राजा रणबहादुर शाहलाई समेत सक्रिय हुन अनुरोध गरे । उनी आफैँले पनि काठमाण्डौँमा आफ्ना पक्षका विभिन्न व्यक्तिहरूलाई यससम्बन्धी पत्र लेखेका थिए । देशको परिस्थितिलाई बलियो तुल्याउन रणबहादुर शाहको नजरबन्द फुकुवा गराई उनलाई काठमाण्डौँ फर्काउन पनि भीमसेन थापा सफल भए ।

**प्रश्नहरू :**

क. भीमसेन थापा नेपाल आमाका कस्ता सपूतका रूपमा परिचित थिए ?

उत्तर

ख. भीमसेन थापालाई दरबारका विभिन्न क्रियाकलापहरूको अध्ययन गर्ने मौका कसरी प्राप्त भयो ?

उत्तर

ग. भीमसेन थापाको राजनीतिक कुशलताको अभिवृद्धिमा बनारस प्रवासको के भूमिका रह्यो ?

उत्तर

घ. भीमसेन थापाले भारतका तत्कालीन अङ्ग्रेज शासकहरूसँग भएको वाणिज्य सन्धिलाई कुन युक्तिद्वारा भङ्ग गराए ?

उत्तर

ङ. 'मुक्तकण्ठ' र 'प्रतिमूर्ति' शब्दको अर्थ लेख्नुहोस् ।

उत्तर

**तल दिइएका विकल्पहरूमध्ये सर्वोत्कृष्ट उत्तरमा ( ✓) चिन्ह लगाउनुहोस् ।**

१. भीमसेन थापाको जन्म कहिले भएको थियो ?

क. वि.सं. १८३२ असार नौ गते

ख. वि.सं. १८३२ साउन नौ गते

ग. वि.सं १८३२ भदौ नौ गते

घ. वि.सं. १८३२ असोज नौ गते

२. भीमसेन थापा कोसँग बनारस गएका थिए ?

क. अमरसिंह थापासँग

ख. रणबहादुर शाहसँग

ग. भक्ति थापासँग

घ. बलभद्र कुँवरसँग

३. 'मर्यादा' शब्दको पर्यायवाची शब्द कुन हो ?

क. प्रतिष्ठा

ख. प्रतिज्ञा

ग. नैतिकता

घ. प्रतिमा

४. 'विस्तारवादी' शब्द कसरी निर्माण भएको छ ?

क. विस्तार+ वाद्+ई

ख. विस्ता+रवादी

ग. विस्त+ अरवादी घ. विस्तारवा+ दी

**क्लोज प्रक्रिया**

१. आइतबार पार्वती एउटा दैनिक अखवार घ __ थिइन् । धेरै दिनदेखि तिनको _________ भारी थियो – दाम्पत्यभारले । कोरियाको ________ तिब्बतमा कम्युनिस्टहरूको आक्रमण, _______ जनक्रान्ति, रूस र अमेरिकाको मतभेदले विश्वमा कतै _______ छैन । यो विश्वयुद्धले घरघरमा अशान्तिको ________ सल्काइसक्यो । केटाकेटीहरू युद्धकै ________ खेल्छन् । खेलमा कोही कप्तान ________ कोही कर्णेल हुने अभिनय ________ । यस्तो विश्वको अशान्त वातावरणमा ________ कसरी बढ्ला ? तिनी यस्तै कुराहरू गरिरहन्थिन् ।

| |
|---|
| युद्ध, हृदय, पढ्दै, शान्ति, नेपालको, आगो, हुने, छोरो, खेल, गर्छन् |

२. पाटनको प्रशिद्ध कृष्णमन्दिर ________ जाने र त्यहाँबाट सदर चिडियाखाना हेर्दै ________ केही बाँकी दर्शनीय स्थलहरू ________ हाम्रो आजको कार्यक्रम थियो । अतः ________ पहिले हामी कृष्णमन्दिर ________ । त्यस मन्दिरले राजा सिद्धिरसिंह मल्लको ________ व्यक्तित्वलाई जीवन्त रूप दिइरहेको ________ । मल्लकालीन वास्तुकलाको उत्कृष्ट नमुनालाई ________ यस मन्दिरले स्पष्टसँग ________ थियो । मन्दिर वरिपरिका देवलहरूले मल्लकालीन ________ झलक दिन्थे ।

| |
|---|
| घुम्ने, काठमाण्डौँका, हेर्न, महान्, पुग्यौँ, सबैभन्दा, झल्काइरहेको, सभ्यताको, पनि, थियो |

## परिशिष्ट 'ख'

## अध्ययनमा सहयोगी विद्यालय र विद्यार्थीहरूको नामावली

**पूर्वपरिक्षण**

१. श्री मातृभूमि उ.मा.वि. देवीनगर–२, पाल्पा

**विद्यालयहरू**

१. श्री मातृभुमि उच्च मा.वि. देवीनगर, पाल्पा ।

२. श्री रम्भा उच्च मा.वि., ताहुँ पाल्पा ।

३. श्री जनहित भगवती मा.वि.,हुमिन,पाल्पा ।

४. श्री जनप्रिय मा.वि. हेक्लाङ्ग, पाल्पा ।

**क) मगर विद्यार्थीहरूः–**

| क्र.सं. | विद्यार्थीहरूको नामावली | विद्यालयको नाम |
|---|---|---|
| १. | अम्बी गाहा | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| २. | जानकी डाला | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ३. | आशा थापा | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ४. | अस्मिता थापा | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ५. | केसरी वारघेर | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ६. | राम व. थापा | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ७. | केशव लाम्का | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ८. | माधव सुनारी | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ९ | ज्ञान बहादुर सुनारी | रम्भा उ.मा.वि. ताहुँ,पाल्पा |
| १०. | शुष्मा राना | श्री रम्भा उच्च मा.वि. |
| ११. | ममता राना | श्री रम्भा उच्च मा.वि. |

| | | |
|---|---|---|
| १२. | अमृता लाम्का | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| १३. | भीमीसरा वारघरे | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| १४. | कविता घर्ती | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| १५. | धन बहादुर राना | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| १६. | रूक बहादुर राना | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| १७. | जंग वहादुर सिङ | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| १८. | डम्बर ब. सिङजाली | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| १९. | अनुराज वराल | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २०. | केशव बराल | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २१. | श्रीमाया वारघरे | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २२. | केशरी वारघरे | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २३. | विमला थापा | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २४. | शान्ति वाकावल | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २५. | कविता ढेगा | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २६. | हिमाल राना | श्री जनहित भगवति मा.वि., हुमिन,पाल्पा |
| २७. | मनिसा कुवँर | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| २८. | रजनी सारू | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| २९. | रोशनी सारू | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| ३०. | गिता सिङ्जाली | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| ३१. | सन्तोष राना | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| ३२. | दुर्गा राना | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| ३३. | रिता ठाडा | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| ३४. | अन्जली सिङ्जाली | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| ३५ | रमेश राना | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |

**ख) वाहुन/क्षेत्री विद्यार्थीहरू**

| क्र.सं. | विद्यार्थीहरूको नामावली | विद्यालयको नाम |
|---|---|---|
| १. | राम ब. के.सी. | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| २. | दिपक जि.सी. | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ३. | धर्मप्रसाद पौडेल | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| ४. | विनिता पौडेल | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| ५. | सूर्यप्रसाद पौडेल | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| ६. | अस्मिता के.सी. | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| ७. | कमला क्षेत्री | श्री जनहीत भगवती मा.वि., पाल्पा |
| ८. | शिला कार्की | श्री जनहीत भगवती मा.वि., पाल्पा |
| ९. | मञ्जु के.सी. | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| १० | कमला कार्की | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |

**ग) नेवार विद्यार्थीहरू:-**

| क्र.सं. | विद्यार्थीहरूको नामावली | विद्यालयको नाम |
|---|---|---|
| १. | कमला श्रेष्ठ | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| २. | सफल श्रेष्ठ | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| ३. | सुजल श्रेष्ठ | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| ४. | सुष्मा श्रेष्ठ | श्री जनहीत भगवती मा.वि.,हुमिन,पाल्पा |
| ५. | दिपक श्रेष्ठ | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |

**घ) वि.क. विद्यार्थीहरू:-**

| क्र.सं. | विद्यार्थीहरूको नामावली | विद्यालयको नाम |
|---|---|---|
| १. | सुरज वि.क. | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |
| २. | दिपक वि.क. | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |
| ३. | सरोज वि.क. | श्री जनहित भगवती मा.वि.,हुमिन,पाल्पा |
| ४. | इन्दिरा वि.क | श्री जनप्रिय मा.वि., हेक्लाङ्ग,पाल्पा |

**ङ) परियार विद्यार्थीहरू:-**

| क्र.सं. | विद्यार्थीहरूको नामावली | विद्यालयको नाम |
|---|---|---|
| १. | सुमन परियार | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| २. | बिमल परियार | श्री जनहित भगवति मा.वि., हुमिन, पाल्पा |
| ३. | श्याम परियार | श्री रम्भा उच्च मा.वि., ताहुँ,पाल्पा |

**च. सुनार विद्यार्थीहरू**

| क्र.सं. | विद्यार्थीहरूको नामावली | विद्यालयको नाम |
|---|---|---|
| १. | देव बहादुर सुनार | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |
| २. | अनिल सुनार | श्री जनहित भगवति मा.वि., हुमिन, पाल्पा |

**छ. यादव विद्यार्थी**

| क्र.सं. | विद्यार्थीहरूको नामावली | विद्यालयको नाम |
|---|---|---|
| १. | महेश्वर यादव | श्री मातृभुमि उच्च मा.वि., देवीनगर,पाल्पा |